पूर्णाङ्क ६ चौमासिक

२०७२/०७३

# प्राज्ञिक संसार

Academia

Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np

## प्रधानमन्त्रीद्वारा बाल राष्ट्रिय गीत सम्मेलन उद्घाटन



# पूर्वकुलपति गुरुङलाई मासिक भत्ता

**पोखरा, दोलखा र लहानमा डबली यात्रा**

- पोखरामा नृत्य उत्सव
- गोरखामा पहिलोपल्ट सङ्गीत महोत्सव

## सम्पादकीय

# सुखद बनोस् २०७३

सर्वप्रथम तपाईंहरू सबैमा नयाँ वर्ष २०७३ सालको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु । २०७२ साल नेपालीका लागि कष्टकर र दुःखद वर्ष सावित भयो ।

गत वर्ष १२ वैशाख र त्यसपछि गएको विनाशकारी भूकम्प तथा पराकम्पनका कारण नेपालले ठूलो क्षति बेहोर्नुपर्‍यो । सो भूकम्पमा परी करिब १० हजार नेपालीको ज्यान गयो । लाखौं नेपाली घरबारविहीन भए । अझै पनि लाखौं नेपाली पाल र जस्ताका शिविरमै छन् । हामीलाई विश्वास छ, पुनर्निर्माणको कार्य धमाधम हुँदैछ र सबै नेपालीले पुनः सुरक्षित बास पाउनुहुनेछ ।

यता, भूकम्पपछिको पराकम्पन गइरहँदा पनि यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले भूकम्प प्रभावित जिल्लाहरूको गाउँगाउँमा पुगेर भूकम्पपीडित दाजुभाइ दिदीबहिनीलाई विभिन्न सांस्कृतिक कार्यक्रममार्फत जनचेतना अभियान दिँदै केही मात्रामा भए पनि भयमुक्त बनायो । त्यस्तो अवस्थामा पनि यस प्रतिष्ठानका तर्फबाट भूकम्प प्रभावित एक सय स्थानमा नाट्य तथा साङ्गीतिक थेरापीअन्तर्गत विविध कार्यक्रम गरियो ।

२०७२ साल हाम्रा लागि नाकाबन्दीका कारण पनि त्यत्तिकै कष्टकर बन्यो । करिब ६ महिना लामो नाकाबन्दीले मुलुकको अवस्था आर्थिक रूपमा निकै जीर्ण भयो । देशवासीले त्यत्तिकै संकटको सामना गर्नुपर्‍यो । यस्तो सङ्कटमा नेपालीको स्वाभिमान झुकेन । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले नाकाबन्दीको अवस्थामा पनि मुलुकका विभिन्न स्थानमा पुगेर डबली यात्रा, नृत्य तथा नाट्य उत्सव, अन्तरक्रिया, साङ्गीतिक महोत्सव जस्ता विविध कार्यक्रम निरन्तर गरिरह्यो । नाट्य सङ्गीत एवं नृत्य क्षेत्रका स्रष्टाहरूको सहयोग र आमनेपाली दाजुभाइ दिदीबहिनीको साथले हामी नाकाबन्दीको सङ्कटपूर्ण घडीमा पनि विविध कार्यक्रम मुलुकका विभिन्न ठाउँमा पुगेर आयोजना गर्न सफल भयौं ।

यस्तो पीडा र संकटयुक्त २०७२ साललाई पार गरेर हामी अहिले २०७३ सालको यात्रामा छौं । गत वर्षको पीडालाई भुलाउँदै अघि बढ्ने क्रममा यो वर्ष हामीले विभिन्न सफलता हासिल गर्ने विश्वास लिएका छौं । पुनर्निर्माणको यो अभियानमा नेपालको सांगीतिक, नाट्य तथा विविध सांस्कृतिक क्षेत्रमा गत वर्षको भूकम्पले पारेको असरलाई चिर्दै अब हामी माथि उठ्ने छौं । २०७३ साल हाम्रा लागि फलदायी र सुखद हुने विश्वास नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परिवारसहित पुनः एकपटक देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीलाई नववर्ष २०७३ को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



## विषय-सूची


मन्त्री पोखरेलद्वारा पूर्वकुलपति गुरुङलाई मासिक भत्ता हस्तान्तरण | ३

प्रधानमन्त्रीद्वारा बाल राष्ट्रिय गीत सम्मेलन उद्घाटन | ४

पोखराको क्षेत्रीय नृत्य उत्सवमा थरीथरी नृत्य | ६

गोरखामा पहिलोपल्ट सङ्गीत महोत्सव | ८

नाटकबारे बहस गर्दै मनाइयो रङ्गमञ्च दिवस | १३

सल्यानमा दुई दिवसीय परम्परागत लोकगीत सम्मेलन | १६

टक्सारमा डाफा भजनबारे गोष्ठी | १८

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको छैटौं वार्षिक उत्सव | २०

पूर्वकुलपति गुरुङको उपचार निर्णयको स्वागत | २१

डबली यात्रा | २२-२८



# मन्त्री पोखरेलद्वारा पूर्वकुलपति गुरुङलाई मासिक भत्ता हस्तान्तरण

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संरक्षक आनन्दप्रसाद पोखरेलले नेपाली राष्ट्रिय गानका सङ्गीतकार तथा यस प्रतिष्ठानका पूर्वकुलपति अम्बर गुरूङलाई मासिक भत्ता हस्तान्तरण गर्नुभएको छ ।

मन्त्रिपरिषद्को २०७२ कात्तिक २३ गतेको निर्णयअनुसार अम्बर गुरूङलाई मासिक ३० हजारका दरले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमार्फत नियमित भत्ता उपलब्ध गराइने छ । सोही निर्णयअनुसार सङ्गीतकार गुरूङको बुढानिलकण्ठस्थित निवासमा भेटी मन्त्री पोखरेलले गत पुसमा सो रकम हस्तान्तरण गर्नुभएको हो । कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भूजीत बासकोटा, सदस्य सचिव गणेश रसिक, संस्कृति सचिव दिनेशकुमार थपलिया, प्राज्ञ परिषद् सदस्यहरु माधव प्रधान, पवित्रा घर्ती, पुष्करबहादुर गुरूङ, मन्त्रालयका सहसचिव भरतमणि सुवेदीलगायतको उपस्थिति थियो ।



हस्तान्तरण कार्यक्रममा मन्त्री पोखरेलले अम्बर गुरूङले नेपाली सङ्गीतका क्षेत्रमा पुऱ्याउनुभएको योगदानको चर्चा गर्दै भन्नुभयो, 'विश्वलाई नेपाललाई बुझाउन र नेपालको राष्ट्रियतालाई जगेर्ना गर्ने उहाँको कार्यलाई पुस्ता पुस्तासम्म कसैले बिर्सने छैनन् । विगतमा उहाँका योगदान सगरमाथाभन्दा अग्ला छन् र उहाँको योगदानले अर्को सगरमाथाको उचाइ प्राप्त गरको छ ।' सो क्रममा अम्बर गुरूङ जस्ता राष्ट्रका स्रष्टालाई राज्यको तर्फबाट सम्मान तथा सहयोग गर्न पाउँदा आफूलाई खुसी लागेको पनि उहाँले बताउनुभयो ।

प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति एवं वरिष्ठ सङ्गीतकार गुरूङलाई सरकारले मासिक भत्ता प्रदान गर्ने निर्णय गरेकोमा सो निर्णयको उहाँले प्रशंसा गर्नुभयो । वरिष्ठ सङ्गीतकार गुरूङले राष्ट्रका लागि गर्नुभएको योगदानको कदर गर्दै उहाँको स्वास्थ्य उपचारका लागि लाग्ने सम्पूर्ण खर्च बेहोर्न कुलपति सरूभक्तले मन्त्री पोखरेलमार्फत नेपाल सरकारलाई आग्रह गर्नुभएको थियो । लगत्तै मन्त्री पोखरेलले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा गरिएको प्रस्तावलाई पहल गरिने र यस प्रस्तावलाई सहजीकरणका लागि आफू लागिपर्ने जानकारी गराउनुभयो ।



## प्रधानमन्त्रीद्वारा बाल राष्ट्रिय गीत सम्मेलन उद्घाटन

# सम्मेलनमा २२ विद्यालयको प्रस्तुति

काठमाडौं । प्रधानमन्त्री तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा 'बाल राष्ट्रिय गीत सम्मेलन-२०७२' गत १८ माघमा नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा साथ सम्पन्न भयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सङ्गीत विभागद्वारा आयोजित सो कार्यक्रमको प्रधानमन्त्री ओलीले उद्घाटन गर्नुभएको थियो ।

आजका कलिला बालबालिका भोलि देशका कर्णधारहरू भन्ने मूल नाराका साथ बालमनोविज्ञानबाट राष्ट्र र राष्ट्रियता प्रति संवेदनशीलता जगाई सच्चा देशभक्त नागरिक निर्माणका लागि विद्यालयस्तरबाटै राष्ट्र र राष्ट्रियता विषयक "बाल राष्ट्रिय गीत सम्मेलन–२०७२" आयोजना गरिएको हो ।

प्रधानमन्त्री ओलीले राष्ट्रकवि माधवप्रसाद घिमिरे जस्ता पुराना पुस्ताका व्यक्तित्वहरूद्वारा रचना भएका गीतमा बालबालिकाहरूको नृत्य प्रस्तुतिले राष्ट्रियताको भावनालाई पुस्ता-पुस्ताबीचको सम्बन्धलाई जोडेको बताउनुभयो । उहाँले बालबालिकाहरूको बाल राष्ट्रिय गीत सम्मेलन-२०७२ महत्वपूर्ण रहेको बताउँदै यसले राष्ट्रिय अखण्डतालाई बलियो बनाउने कुरामा जोड दिनुभयो । यस्ता कार्यक्रमलाई निरन्तरता दिन पनि उहाँले सुझाव दिनुभयो । प्रधानमन्त्री ओलीलाई सो कार्यक्रमका सभापति एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) ले यस प्रतिष्ठानको प्रतीक चिन्ह प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको विशिष्ट अतिथिहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री बलबहादुर महत, राष्ट्रकवि माधवप्रसाद घिमिरे, वरिष्ठ संस्कृतिविद् डा. सत्यमोहन जोशी, वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रित हुनुहुन्थ्यो ।

यस्तै, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति डा. गंगाप्रसाद उप्रेती, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान उपकुलपति शम्भूजीत बासकोटा, सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू र प्राज्ञ सभा सदस्यहरूसमेत अतिथि हुनुहुन्थ्यो ।

सो कार्यक्रममा सभापतिको मन्तव्य राख्दै यस प्रतिष्ठानका कुलपति सरूभक्तले बालबालिकाहरूको सांस्कृतिक चेतनालाई अभिवृद्धि गर्न तथा देशप्रतिको भावनालाई जागृत यस प्रतिष्ठानले यस्ता कार्यक्रमहरू निरन्तर आयोजना गर्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'भौतिक पूर्वाधारहरूले सम्पन्न भएमा प्रज्ञा प्रतिष्ठानले आफ्ना उद्देश्यहरू परिपूर्ति गर्नसक्ने सांस्कृतिकसमन्वयका क्रियाकलापहरूले

गति लिन सक्ने र सांस्कृतिक विकासको उचाइलाई अझ समृद्ध बनाउने मार्गलाई प्रशस्त गर्नसक्ने छ । त्यसैले सम्माननीय प्रधानमन्त्रीज्यूमा यो प्रतिभालाई मौलिक रूपमा सम्पन्न बनाउने कार्यलाई दिशा निर्देश गर्ने हार्दिक अपिल गर्दछु ।

प्राज्ञ परिषद् सदस्य तथा कार्यक्रमका संयोजक उन्नती बोहरा 'शीला'ले कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै देश सङ्क्रमणकालीन अवस्थामा गुज्रिरहेका बेला राष्ट्र र राष्ट्रियताबारे जागरण ल्याउन बाल राष्ट्रिय गीत सम्मेलन २०७२ आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो,' सामाजिक सद्भाव, राष्ट्रिय एकता, राष्ट्रिय स्वाभिमान जस्ता मान्यतालाई आत्मसात गरी आपसी समझदारी र सहमतिका साथ चुनौतीहरूको समाधान गर्न सक्नुपर्दछ । त्यही आधार र मान्यतामा विचलन आउन नदिई राष्ट्रको हितलाई सर्वोपरी ठान्नु नै राष्ट्रियता हो र बालमनोविज्ञानबाटै यसलाई उजागर गर्नु आवश्यक भएकाले यस कार्यक्रमको आयोजना गरिएको हो ।'


कार्यक्रममा संस्थागत विद्यालयहरूको संगठन ओपिएसले प्रस्तुति एवं व्यवस्थापन गरेको थियो । उद्घाटन समारोहका कलाकारद्वय प्रमोद खरेल र निशा देशारले उन्नती बोहारा शिलाद्वारा रचित एवं शम्भूजीत बासकोटाद्वार सङ्गीतबद्ध बन्दना गीत 'कोटी कोटी प्रणाम छ..' गाउनुभएको थियो । यस्तै विभिन्न बालबालिकाले राष्ट्रकवि माधवप्रसाद घिमिरेको रचना र नातिकाजीको सङ्गीत रहेको गीत 'नेपाली हामी रहौंला कहाँ' मा नृत्य प्रस्तुत गरेका थिए ।

संस्थागत विद्यालयहरूको सङ्गठनका अध्यक्ष लोकेन्द्रबहादुर खड्काले सो कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै विभिन्न विद्यालयका विद्यार्थीलाई समेटेर गरिएको यो कार्यक्रम उपयोगी र सशक्त भएको धारणा राख्नुभएको थियो ।

कार्यक्रममा विभिन्न २२ वटा विद्यालयहरूले राष्ट्रियताको भाव झल्काउने गीत र नृत्य प्रस्तुत गरेका थिए । सम्मेलनमा हिमरश्मी हाइस्कुल मनमैजु काठमाडौंका विद्यार्थीले 'नेपाली वीरका छोरा र छोरी..', एन्जल हार्ट उमावि मनमैजुका विद्यार्थीले 'मेचीकालीका..', विभूति हाइस्कुल वनस्थलीका विद्यार्थीले 'हाम्रो सानो मुटुमा..', मनास्लु पब्लिक उमावि नयाँबजारका विद्यार्थीले 'हिमाल, पहाड तराई..' गीत गाएका थिए । यस्तै, ज्ञानमन्दिर हाइस्कुल वनस्थलीका विद्यार्थीले 'नेपाल हाम्रो देश..', न्युटन हाइस्कुल बालुवाटारका विद्यार्थीले 'मेरो प्यारो देश..', प्रेसियस नसनल उमावि म्हैपीका विद्यार्थीले 'हिमालको छानो..', कौशल हाइस्कुल मनमैजुका विद्यार्थीले 'नेपाल नेपाल..', सेवा हाइस्कुल सामाखुसीका विद्यार्थीले 'विश्वमान चित्रमा..' गीत प्रस्तुत गरेका थिए ।

सो सम्मेलनमा सृजना ज्ञान सागर हाइस्कुल गोलढुङ्गाका विद्यार्थीले 'हे मेरी आमा..', पुष्पकुञ्ज हाइस्कुल गोंगबुका विद्यार्थीले 'फूलैका पहाड..', फरील्याण्ड हाइस्कुल कपनका विद्यार्थीले 'यो देश मेरो हो..', राजन मेमोरियल इ. स्कुल बालाजुका विद्यार्थीले 'हिँड्नु छ अब हामी..', प्रगति हाइस्कुल बालाजुका विद्यार्थीले 'बिहानीको झल्के घाम..', इसीएस हाइस्कुल नयाँबजारका विद्यार्थीले 'हामी नेपाली..', ग्रिनल्यान्ड विज्डेन एकेडेमी रानीबारीका विद्यार्थीले 'मेरो देश..' र मञ्जली हाइस्कुल गोल्फुटारका विद्यार्थीले 'पूर्व हेर मेची नदी..' गीत गाएका थिए । कार्यक्रममा गाइएका सबै राष्ट्रिय गीतहरू सम्बन्धित विद्यालयका विद्यार्थीले नै रचना गरेका हुन् ।

यस्ता राष्ट्रिय गीतमा विद्यार्थीहरूद्वारा प्रस्तुत नृत्य मनमोहक थियो । सम्मेलनमा हिमरश्मी हाइस्कुल मनमैजुका विद्यार्थीले 'फर्की आऊ शान्ति तिमी..' मा नृत्य, एन्जलस् हार्ट उमावि मनमैजुका विद्यार्थीले 'यो झण्डा..' गीतमा नृत्य, न्युटन हाइस्कुल बालुवाटारका विद्यार्थीले 'यो नेपाली शिर उचाली..' गीतमा नृत्य प्रस्तुत गरेका थिए । ज्ञानमन्दिर हाइस्कुल वनस्थलीका विद्यार्थीले 'जहाँ सुनका बाला झुल्छन..' र मनासलु उमावि नयाँबजारका विद्यार्थीले 'जहाँ छन् बुद्धका आँखा..'गीतमा नृत्य गरेका थिए । सम्मेलनको अन्त्यमा कार्यक्रममा सहभागी बाल कलाकारहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।






# पोखराको क्षेत्रीय नृत्य उत्सवमा थरीथरी नृत्य

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको आयोजनामा गत ३० फागुनमा पोखरा 'नृत्य उत्सव-२०७२' भव्यताका साथ सम्पन्न भएको छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को अध्यक्षतामा सम्पन्न नृत्य उत्सवमा गण्डकी अञ्चलका लमजुङ, म्याग्दी, स्याङ्जा, नवलपरासी, पाल्पा, बाग्लुङ र कास्की जिल्लाका परम्परागत लोकनृत्यहरु सोरठी, घाटु, छ्याङ्ु, सखिया, यानिमाया, आधीखोले झ्याउरे, झोरा, कौडा, कृष्ण चरित्र (पुटपुटे नाच) र थकाली नाच प्रस्तुत गरिएको थियो ।

कार्यक्रमको संयोजन प्राज्ञ परिषद् सदस्य तथा नृत्य विभाग प्रमुख प्राज्ञ माधव प्रधानले गर्नुभएको थियो । कार्यक्रम सम्पन्न गर्न स्थानीय संस्कृतिकर्मी पदमराज ढकालको संयोजकत्वमा मेनकाजी गुरूङ, गोरे गुरूङ, मनकुमार श्रेष्ठ, कृष्णकुमार गुरूङ, राज गुरूङ, सर्वज्ञमान शाक्य सम्मिलित एक व्यवस्थापन समिति गठन गरिएको थियो ।

प्राज्ञ प्रधानले पश्चिमाञ्चल क्षेत्रका विभिन्न परम्परागत नृत्य, लोकनृत्य संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि कार्यक्रमको आयोजना गरिएको र यस कार्यक्रमले नेपाली लोकनृत्यको अध्ययन अनुसन्धानमा समेत महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

दुई सयभन्दा बढी कलाकारको प्रस्तुति रहेको उत्सवमा व्यवस्थापन समितिका संयोजक ढकालले स्वागत मन्तव्य दिनुभएको थियो । सभाध्यक्ष एवं कुलपति सरूभक्तले उत्सवको समापन गर्दै क्षेत्रीयस्तरमा सम्पन्न भएको यस्ता कार्यक्रमले गण्डकी क्षेत्रको लोकनृत्य अनुसन्धान, प्रवर्द्धन र जगेर्ना गर्न सम्बन्धित कलाकारलाई प्रेरित गर्ने बताउनुभयो । उहाँले नृत्य उत्सवमा सहयोग गर्ने सम्पूर्ण संघ/संस्था तथा व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्दै कदरपत्रसमेत प्रदान गर्नुभयो ।

उत्सव सफल पार्न लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष ढकालको संयोजकत्वमा हिमाली सांस्कृतिक परिवारका अध्यक्ष मेनकाजी गुरूङ, प्राचीन नेपालका महासचिव कृष्णकुमार गुरूङ, तरेली सांस्कृतिक परिवारका अध्यक्ष राजबहादुर गुरूङ, अनुशिलन सङ्गीत पाठशालाका अध्यक्ष गोरे गुरूङ, बार डिजिटल रेकर्डिङ स्टुडियोका अध्यक्ष







एवं सङ्गीतकार सर्वज्ञमान शाक्य, राष्ट्रिय जनसांस्कृतिक महासंघ गण्डकी अञ्चल इन्चार्ज मनकुमार श्रेष्ठलगायतको एक व्यवस्थापन समिति गठन गरिएको थियो । यस्तै, पस्त गाउँ गुरूङ समाज, कोल्माबाहकोट तमु समाज, दुधपोखरी तमु समाजहरूको पनि विशेष सहयोग रहेको थियो । यी संघ/संस्थाका पदाधिकारीका विशेष योगदानमा सो उत्सव सम्पन्न भएको हो ।




नृत्य उत्सवमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव प्राज्ञ तीर्थ श्रेष्ठ, प्राज्ञ सभा सदस्य प्रकाश घिमिरे, प्राज्ञ हरिदेवी कोइराला, समाजसेवी अशोक पालिखेलगायत कैयौं चर्चित कलाकारहरूको उपस्थिति थियो । उत्सवमा विभिन्न क्षेत्र, भाषा, संस्कृति, जातजातिका परम्परालाई प्रतिनिधित्व गर्ने नृत्यका साथै लोकनृत्यहरूको प्रस्तुतिले कार्यक्रमको गरिमा बढाएको थियो । जसले सांस्कृतिक एकताको सन्देश समेत फैलाएको थियो । सहभागीहरूले यस्ता कार्यक्रमले हाम्रो लोक संस्कृतिलाई जोगाउन र यसको संरक्षण गर्न महत्वपूर्ण भूमिका रहने धारणा व्यक्त गर्दै यस्ता खालका कार्यक्रम भविष्यमा पनि आयोजना हुनुपर्ने बताएका थिए ।





# गोरखामा पहिलोपल्ट सङ्गीत महोत्सव





गोरखा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना र गोरखा जेसिजको सहआयोजनामा ४ वैशाखमा गोरखा बजारको रानीपोखरी चौरमा पहिलो सङ्गीत महोत्सव भव्य रूपमा सम्पन्न भयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको उपकुलपति शम्भूजीत बासकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रमको उद्घाटन गोरखाका भजनमणि एवं अग्रज सञ्चारकर्मी नेत्रमणि आचार्यले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र गोरखा जेसिजका तर्फबाट अग्रज कलाकार नेत्रमणि आचार्यलाई सम्मान गरियो । उमेरले सात दशक पुग्नुभएका आचार्य अहिले पनि बिहान एफएममा गएर नियमित भजन गाउने तथा सञ्चारसम्बन्धी काममा त्यत्तिकै सक्रिय रहेकाले उहाँको योगदानको कदरस्वरूप सम्मान गरिएको कार्यक्रममा जानकारी गराइयो ।

कार्यक्रममा उपकुलपति बासकोटाले भूकम्पको केन्द्रबिन्दु बारपाकसहित गोरखा बजारलगायतका स्थानमा आएर सांगीतिक कार्यक्रम गरेर गोरखाबासीको मनबाट थोरै भए पनि भूकम्पको त्रास हटाउँदै केही राहत दिएको

बताउनुभयो । 'फेरि गोरखावासीमा ऊर्जा थप्दै स्थानीय लोक संस्कृति संरक्षणका लागि गोरखामा साङ्गीतिक महोत्सव गर्नुपर्छ भन्ने सल्लाह हामीले गोरखा जेसिजका साथीहरूसँग गर्‍यौं । उहाँहरूले सङ्गीत महोत्सव सफल पार्ने अठोट लिएपछि हामीले यो महोत्सव आयोजना गरेका हौं,' उहाँले भन्नुभयो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं महोत्सवका राष्ट्रिय संयोजक गीतकार उन्नती बोहरा 'शिला'ले वीर पुर्खाहरूको भूमि गोरखाका कयौं लोक गायन एवं लोक नृत्य लोपोन्मुख अवस्थामा पुगेको बताउनुभयो । उहाँले लोककलाको संरक्षण, प्रवर्द्धन एवं स्थानीय कलाकारलाई प्रोत्साहित गर्न गोरखामा पहिलो पटक बृहत् साङ्गीतिक महोत्सव आयोजना गरिएको हो भन्नुभयो ।

गोरखा जेसिजका महासचिव राजीव अधिकारीले स्वागत मन्तव्य राख्नुभएको सो कार्यक्रममा कार्यक्रम स्थानीय संयोजक एवं गोरखा जेसिजका पूर्वअध्यक्ष सरन गुरूङले महोत्सव आयोजनाबारे जानकारी गराउनुभयो । गोरखा जेसिजका अध्यक्ष प्रेमध्वज थापामगरले गोरखामा आयोजित सांगीतिक महोत्सवमा स्थानीय कलाकारले राष्ट्रिय कलाकारसँग आफ्ना गीतसङ्गीत प्रस्तुत गर्न पाउँदा उनीहरूको हौसला बढेको धारणा राख्नुभयो ।

उपकुलपति बासकोटाको सङ्गीत एवं स्थानीय गीतकार राजेन्द्र बजगाईको राष्ट्रिय भावनाको गीत 'लेख लेख...' गायनसँगै महोत्सवको साङ्गीतिक कार्यक्रम सुरू भएको थियो । यो गीत विश्व नेपाली, सञ्जय तुम्रुक, सुमन गुरूङ र वाणिका प्रधानले संयुक्त रूपमा गाउनु भएको थियो । मध्यान्हपछि सुरू भएको साङ्गीतिक महोत्सव बेलुका ८ बजेसम्म चलेको थियो । कार्यक्रममा स्थानीय, क्षेत्रीयदेखि केन्द्रीय कलाकारसम्मले आफ्ना गीतसङ्गीत र नृत्यबाट दर्शकको मन जितेका थिए ।

कार्यक्रमको प्रारम्भमा लगातार स्थानीय कलाकारको गीत प्रस्तुतिले केही सुस्ताएका



दर्शक जब उपकुलपति एवं अग्रज सङ्गीतकार बासकोटालाई गायनको लागि अनुरोध गरे, उपकुलपति बासकोटाले 'रातो रूमाल हल्लाउँदै...' गायिका वाणिका प्रधानसँग 'चट्ट रूमाल क्या मालुम...' गीत गाउँदा मैदानका चारैतिर रहेका दर्शकहरु छमछमी नाचे ।

पुनः दर्शकले गीत गाउन उहाँलाई अनुरोध गरे, उपकुलपति बासकोटाले अर्की गायिका सुमन गुरूङसँगको सहकार्यमा 'आच्छा लेकिन लन्डनको चिसोले सताउँला...' गीत गाउँदा दर्शक भने खलखली पसिना बगाउँदै निरन्तर नाचिरहे । दर्शकले वान्स मोरभन्दा पुनः गीत गाउने बाचासहित बासकोटा र गुरूङ मञ्चबाट विदा हुनुभयो । यसपछि गोरखाली गायक हरिराम परियारले 'गोरखाको बस चल्यो...' गीत सुनाउनुभयो । लगत्तै मञ्चमा उत्रनु भएकी गोरखाकै गायिका सुमन गुरूङले 'गैरी खेतको सिरै हान्यो...' गीत सुनाएर दर्शकलाई नचाउनुभयो ।

योङ स्टार क्लब मनकामना–२ को विभिन्न कलाकारको मौलिक प्रस्तुति चुड्का नृत्य आकर्षक थियो । यस्तै, मनकामनाकै कालिका युवा क्लबका कलाकारको प्रस्तुति कौरा नृत्यले महोत्सवको रौनकता बढाएको थियो । नेपाल मगर सङ्घ पस्लाङ राम्चेका कलाकारको प्रस्तुति पाङ्दुरे नाच पनि निकै रमाइलो र मौलिक थियो । उहाँहरूले सो नाचबाट आफ्ना स्थानीय समस्या व्यक्त गर्नुभयो ।

त्यसै त लमु ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद् गोरखाको ठाडो भाकामा पनि दर्शकले मनोरञ्जन लिए । गोरखा–१ विरिञ्चोक भजन समूहका जेष्ठ कलाकारले प्रस्तुत गरेका खैजडीसहितको बालन नृत्य पनि महोत्सवको आकर्षण बनेको थियो । महोत्सवमा स्थानीय गायकहरु साजन गुरूङले 'गोरखाली...', सविन श्रेष्ठले 'बस्यो माया आँखैमा...', गणेश श्रेष्ठले 'आउनुस् गोरखा...,' दीपक गुरूङले 'तिमी पारि त्यो...', मनराज गुरूङले 'केही मिठो...' गाएर जिल्लावासीलाई नचाउनुभयो । स्थानीय गायिकाहरु रूपसना श्रेष्ठले 'तिमीले त हेर्न...', विमला तामाङले 'लाखौं कोसिस गर्दा...' गीत गाउँदा स्थानीयले ताली बजाएर साथ दिएका थिए ।

काठमाडौंबाट सोही महोत्सवका लागि गोरखा पुग्नुभएका कलाकार विश्व नेपालीले कार्यक्रममा 'के छ बन्दोबस्ती...' र 'यो लामो जीवन...' जस्ता गीत सुनाएर दर्शकको मन जित्नुभयो । यस्तै, राजधानीबाटै गोरखा पुग्नुभएकी गायिका वाणिका प्रधानले 'मेरा आशक्तिका...', 'डाँडाकाँडा...' जस्ता गीतहरु प्रस्तुत गर्नुभएको थियो । राजधानीबाटै जानुभएका गायक सञ्जय तुम्रुकले प्राज्ञ उन्नती बोहरा शिलाको राष्ट्रिय भावनाले ओतप्रोत गीत 'फर्की आऊ शान्ति तिमी...' गीत गाउँदै शान्तिको आह्वान गर्नुभयो । गायक तुम्रुकले गायिका सुमन गुरूङसँग 'सेती खोला सँगसँगै तरौंला...'गीत गाएर दर्शकलाई नचाउनुभयो ।






कार्यक्रमका सबै गीतमा काठमाडौंबाट गएका सेभेन नोट्स ब्यान्डका कलाकारहरुद्धारा प्रत्यक्ष वाद्यवादन प्रस्तुत गरिएको थियो । सो ब्यान्डका कलाकारहरु प्याडड्रममा शशीभूषण भट्टराई, ढोलकमा महेशमणि केसी, रिदम गिटारमा रिकेश गुरूङ, किबोर्डमा प्रज्वल लामा, रिड गिटारमा देवासिस तामाङ र बेस गिटारमा सावनदेव श्रेष्ठ हुनुहुन्थ्यो ।

लामो समयदेखि खडरी परेको गोरखामा कार्यक्रम भइरहँदा बेलुका ७ बजे पानी परेको थियो । सो पानीको बेवास्ता गर्दै दर्शकले कलाकारलाई साथ दिए । कार्यक्रमको समापनमा कलाकार तथा सहयोगीलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट उपकुलपति बासकोटा, कार्यक्रम संयोजक प्राज्ञ बोहराले प्रमाणपत्र एवं मायाको चिनो प्रदान गर्नुभएको थियो ।




# रोल्पामा बृहत् सांस्कृतिक कार्यक्रम



रोल्पा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सहयोगमा रोल्पाको लिवानमा गत ११ चैतमा बृहत् सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । गुरूङ गाउँ सामुदायिक होमस्टे रोल्पाको प्रवर्द्धनका लागि आयोजित कार्यक्रमको संस्कृति तथा पर्यटनमन्त्री आनन्दप्रसाद पोखरेलले उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा उहाँले होमस्टेको विकास गर्न आवश्यक रहेको हुनाले सबै जिल्लावासी पर्यटन प्रवर्द्धनका लागि जागरूक भएर लाग्नुपर्ने बताउनुभयो । साथै, उहाँले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान प्राज्ञ परिषद्का सदस्यहरु प्राज्ञ माधव प्रधान, प्राज्ञ उदय श्रेष्ठ, प्राज्ञ पवित्रा घर्ती मगरलाई कार्यक्रममा सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

बृहत् सांस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य प्रधानले पर्यटन विकासका लागि संस्कृतिकर्मीहरूको अहं भूमिका रहने हुँदा रोल्पामा रहेका कलाकर्मीहरु पनि पर्यटन विकासका लागि एकजुट भएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । कार्यक्रममा काठमाडौंबाट सहभागी भएका सुरवीर पण्डित, निरू खड्का, पार्वती राई, प्रमोद खरेल, राजा राजेन्द्र, बद्रि पंगेनीलगायतले आफ्ना गीत, नृत्य प्रहसन प्रस्तुत गरेर दर्शकको मन जितेका थिए । कार्यक्रममा स्थानीय कलाकारहरूको प्रस्तुति पनि बेजोड थियो ।



# सफल भयो नारी स्रष्टाको शास्त्रीय सङ्गीत

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, शास्त्रीय तथा परम्परागत सङ्गीत विभागको आयोजना तथा सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) को सहकार्यमा गत ५ माघमा सांस्कृतिक संस्थानमा शास्त्रीय सङ्गीतको कार्यक्रम 'शास्त्रीय सङ्गीतमा नारी स्रष्टा ०७२' सम्पन्न भयो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री बलबहादुर महतको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमका सभापति प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) हुनुहुन्थ्यो । कार्यक्रम संयोजक एवं प्रतिष्ठानका परिषद् सदस्य उदय श्रेष्ठले स्वागत मन्तव्य राख्दै महिला कलाकारलाई मात्र सहभागिता गराएर पहिलोपटक 'शास्त्रीय सङ्गीतमा नारी स्रष्टा ०७२' आयोजना गरेको बताउनुभयो । यस्तो कार्यक्रमलाई प्रतिष्ठानले निरन्तरता दिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

राज्यमन्त्री महतले कार्यक्रम निकै राम्रो र पृथक् भएको बताउनुभयो । मन्त्रालयले आगामी दिनमा यस्ता कार्यक्रममा सहयोग गर्ने प्रतिबद्धता उहाँले कार्यक्रममा जनाउनु भयो ।

प्रतिष्ठानका कुलपति सरुभक्तले शास्त्रीय सङ्गीतको सम्वर्द्धन र प्रवर्द्धनका लागि प्रतिष्ठानले निरन्तर काम गर्दै आएको बताउनुभयो । शास्त्रीय सङ्गीतमा क्रियाशील नारी कलाकारलाई प्रोत्साहित गर्न कार्यक्रम आयोजना गरिएको जानकारी उहाँले गराउनुभयो ।


समारोहमा यस प्रतिष्ठानको उपकुलपति शम्भूजीत बासकोटा, सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरु एवं संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव भरतमणि सुवेदीको सहभागिता



थियो । सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले यस्तो कार्यक्रममा सहकार्य गर्न पाउँदा खुसी लागेको बताउँदै आउँदा दिनमा पनि सहकार्य गर्न संस्थान तत्पर रहेको विचार व्यक्त गर्नुभयो ।

उद्घाटन सत्रपछि साङ्गीतिक कार्यक्रमको शुभारम्भ राग यमनबाट भएको थियो । वर्त गन्धर्वले पहिलो पटक सारङ्गीबाट राग यमन प्रस्तुत गर्नुभयो । उहाँलाई तवलामा विराज पोखरेल र अर्को सारङ्गीमा केसी राजाले साथ दिनुभएको थियो । त्यसपछि रूपा न्यौपानेले सरोदमा राग प्रस्तुत गर्नुभयो । उहाँलाई तवलामा अर्पण महर्जन र तानपुरामा रूम न्यौपानेले सघाउनुभएको थियो । शास्त्रीय गायिका शकुन्तला प्रधानले राग आभोगी कान्हडा गाएर दर्शकको मन जित्नुभयो । उहाँलाई तबलामा पर्शुराम पौडेल र हार्मोनियममा शिवराज पौडेलले साथ दिनुभएको थियो । यस्तै, डा.अञ्जु उप्रेतीले कार्यक्रममा सितारमार्फत राग चारूकेसी प्रस्तुत गर्नुभयो । उहाँलाई तबलामा पं. अच्युतराम भण्डारी र तानपुरामा एलिजा अधिकारीले सघाउनुभएको थियो । गायिका सङ्गीता प्रधानले प्रस्तुत गर्नुभएको राग रागेश्री गायन निकै माधुर्य थियो । उहाँलाई तबलामा डंकनदास चौधरी र हार्मोनियममा धनबहादुर गोपालीले साथ दिनुभएको थियो ।






# 'ध्रुत समागम' नेपालको पहिलो नाटक भएको निष्कर्ष

**काठमाडौं ।** पहिलो नेपाली नाटक १३औं शताब्दीमा लेखिएको तथ्य सम्बन्धित विज्ञले सार्वजनिक गरेका छन् । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नाट्य विभागद्वारा राजधानीको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा फागुन १२ गते आयोजित 'नाट्य विमर्श' कार्यक्रममा प्राडा रामावतार यादवले पहिलो पटक लेखिएको नेपाली नाटक 'ध्रुत समागम' भएको बताउनुभयो ।

नेपालको यो पहिलो नाटक कवि शेखराचार्य ज्योतिरिश्वरले लेखेको यादवले खुलासा गर्नुभयो । विमर्शमा 'नेपालको पहिलो नाटककार कवि शेखराचार्य ज्योतिरिश्वरको परिचिती' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै उहाँले भन्नुभयो, 'विक्रम संवत् १२९० देखि १३५० सम्म तत्कालीन सिम्रौनगढ राज्यका राजपुरोहित शेखराचार्यले पहिलो नाटक लेखेको देखिन्छ ।' अहिलेसम्म पाएको नेपाली भाषाको पहिलो नाटक पनि यही भएको उहाँले प्रकाश पार्नुभयो ।

मैथिली भाषाका महाकवि विद्यापति र शेखराचार्य फरक कालखण्डका स्रष्टा भएको पनि उहाँले चर्चा गर्नुभयो । कार्यक्रममा उहाँले पहिलो नेपाली नाटक 'ध्रुत समागम' को बारेमा विभिन्न जानकारी गराउनुभयो । यो नाटक पहिलो हो भन्ने विभिन्न आधार उहाँले प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा अन्य नाट्यकर्मीहरूले नेपाली नाटकको विगतदेखि अहिलेसम्मका अवस्थाबारे चर्चा गर्नुभएको थियो । कार्यक्रममा समीक्षक अनुप सुवेदीले 'रङ्गमञ्च र चलचित्रको सहयात्रा' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै नेपाली चलचित्रको विकासमा रङ्गमञ्चको ठूलो योगदान रहेको बताउनुभयो । चलचित्रजस्तै नेपालमा रङ्गमञ्च पनि पछिल्लो समय व्यावसायिक रूपमा फस्टाएको उहाँको कार्यपत्रमा उल्लेख छ । चलचित्र र रङ्गमञ्च उस्तै देखिने भए पनि यी दुई फरक विधा भएको उहाँको कथन थियो । नेपालमा चलचित्रभन्दा रङ्गमंञ्चको विकास धेरैअघिबाट भएकोबारे प्रकाश पार्दै नाटकमाथि बनेका केही नेपाली चलचित्रको पनि उहाँले चर्चा गर्नुभयो । चलचित्र र नाटकबीचको सामीप्यता र फरक पक्षको पनि उहाँको कार्यपत्रमा उल्लेख गरिएको छ ।

सो कार्यक्रममा अर्चना थापाले 'रङ्गमञ्चमा महिला' शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपाली रङ्गमञ्चमा विगतदेखि अहिलेसम्म महिला कलाकारको अवस्थाबारे उहाँको कार्यपत्रमा प्रस्तुत गरिएको छ । विगतको तुलनामा केही- वर्षयताबाट रङ्गमञ्चमा महिलाहरूको उपस्थिति निकै बढेको उहाँले बताउनुभयो । तथापि महिला कलाकार रङ्गमञ्चमा अझै सहायक भूमिकामा सीमित भएको थापाको कार्यपत्रमा उल्लेख छ । रङ्गमञ्चमा महिला प्रधान नाटकलाई महत्व दिइएमा महिला रंगकर्मीहरु बढ्ने कार्यपत्रमा उल्लेख गरिएको छ । पुरूष कलाकारको सहयोगी भूमिकामा मात्र महिला पात्रलाई रङ्गमञ्चमा प्रस्तुत गरिँदै आएको धारणा थापाले कार्यक्रममा राख्नुभयो ।

विमर्श आयोजक संस्था नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले नेपाली नाट्य सङ्गीतको विकास र विस्तारका लागि आफूहरूले विगतदेखि नै सम्बन्धित विज्ञहरूबीच यस्ता विचार विमर्श चलाउँदै आएको बताउनुभयो । यस्ता विमर्शले सम्बन्धित विषयबारे धारणा बाहिर आउने गरेको धारण कुलपति सरूभक्तको राख्नुभयो ।

प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले प्रतिष्ठानले विभिन्न अनुसन्धानमूलक कार्य गर्दै आएकोबारे जानकारी गराउनुभयो । नेपाली नाटकहरूको बारेमा अध्ययन अनुसन्धान गरेर यसको विकास र विस्तारमा प्रतिष्ठानले यस्ता कार्यक्रम निरन्तर गरिरहने बताउनुभयो ।

नाट्य विमर्श कार्यक्रमका सूत्राधार एवं प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले सम्बन्धित कार्यपत्रबारे संक्षिप्त चर्चा गर्नुभयो । सो विमर्शले नेपाली नाटकका बारेमा महत्वपूर्ण जानकारी रंगकर्मीहरूले पाएको उहाँले बताउनुभयो । प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले कार्यक्रममा नेपाली रङ्गमञ्चको अवस्थाबारे चर्चा गर्नुभयो । नेपाली महिलाको अवस्था चर्चा गर्ने क्रममा उहाँले सुदूरपश्चिममा छाउपडी प्रथालगायत देशमा रहेका धेरै अन्धविश्वासले नेपाली नारीहरु अन्यायमा परेको बताउनुभयो । 'नाटकले समाजका यस्ता रूढीलाई हटाउँदै सामाजिक परिवर्तन ल्याउनुपर्ने धारणा उहाँले राख्नुभयो ।



# नाटकबारे बहस गर्दै मनाइयो विश्व रङ्गमञ्च दिवस

काठमाडौं । २०६० सालपछि नेपाली रङ्गमञ्चको विकास उल्लेख्य रूपमा भएको रङ्गकर्मीहरूको भनाइ छ । विश्व रङ्गमञ्च दिवसको अवसरमा १४ फागुनमा काठमाडौं मलस्थित थिएटर मलमा आयोजित बहस कार्यक्रममा रङ्गकर्मीहरूले २०६० पछि निजी क्षेत्रको पहलबाट नेपाली रङ्गमञ्च फस्टाएको बताए । तर, रङ्गमञ्च राजधानी केन्द्रित भएको उनीहरूको ठहर थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित बहसमा प्रतिष्ठानका कुलपति सरूभक्तले विश्व रङ्गमञ्च दिवसबारे चर्चा गर्दै भन्नुभयो, 'नेपाली नाटक काठमाडौं केन्द्रित भएको छ । जसका कारण मोफसलमा रङ्गमञ्चको अवस्था राम्रो देखिँदैन । त्यसैले त्यहाँ फस्टाउन सकेको छैन ।' रंगकर्मीलाई त्रासको रङ्गमञ्च नभएर प्रेमको र सद्भावको रङ्गमञ्चको आवश्यकता भएको सन्देशलाई मनन् गरी राष्ट्रिय रूपमा रङ्गमञ्चको विस्तार गर्नु पर्ने धारणा उहाँले राख्नुभयो ।

कुलपति सरूभक्तले रंगकर्मीले मोफसलमा पनि रङ्गमञ्च फस्टाउने काममा महत्वपूर्ण भूमिका खेल्नुपर्ने सुझाव दिँदै उहाँ भन्नुभयो, 'नेपाली रङ्गमञ्चको विकासका लागि अझै धेरै कार्य बाँकी छ । त्यसैले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र निजी क्षेत्र मिलेर अघि बढे राष्ट्रिय रङ्गमञ्चको विकास गर्न सक्छौं ।'

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले 'विश्व रङ्गमञ्च दिवस' सन् १९६२ देखि प्रत्येक २७ मार्चका दिन मनाउने गरिएको जानकारी गराउनुभयो । विश्व रङ्गमञ्च




दिवसलाई २७ मार्चको दिन संसारका लगभग सय 'आई.टि.आई.' सेन्टरहरूमार्फत विभिन्न तरिकाबाट मनाउँदै आएको उहाँले जानकारी गराउनुभयो । नेपालमा सन् २००० देखि यस दिवसलाई मनाइँदै आएको र यस वर्ष नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा एक दशकयताको नाटक क्षेत्रबारे बहस कार्यक्रम राखिएको उहाँले बताउनुभयो । गुरूङले विश्व रङ्गमञ्च दिवसमा लागि रसियन नाट्यकर्मी अनातोली वासिलेवले लेखेको रङ्गमञ्च सन्देश नेपालीमा पढेर सुनाउनु भएको थियो ।

प्रतिष्ठानका सङ्गीत नाट्य विभागका प्रमुख प्राज्ञ रमेशरञ्जन झाले राजधानीमा रङ्गकर्म फस्टाएको र मोफसलमा समेत रङ्गमञ्चीय गतिविधि विस्तारै बढ्न थालेको बताउनुभयो । उहाँले मोफसलका नाट्यकार्यका समस्या पनि प्रस्ट्याउनुभयो । प्रतिष्ठानले विभिन्न नाट्य संस्थाहरूसँगको सहकार्यमा रङ्गमञ्चीय गतिविधि गरिरहेको जानकारी झाले दिनुभयो ।

प्राज्ञ कृष्ण शाह 'यात्री' ले २०६० सालपछिको नेपाली रङ्गमञ्चको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै भन्नुभयो, 'नेपालमा निजी क्षेत्रबाट रङ्गमञ्चको विकास प्रशंसनीय रूपमा भएको छ । काठमाडौं उपत्यकामा निजी नाटकघर खुलेपछि नाटक हेर्ने क्रम फस्टाएको छ ।' कार्यपत्रमा २०६० सालपछिको रङ्गमञ्चमा देखिएका नाट्य संस्थाहरु, नाटक निर्देशक, महिला कलाकारहरु, नाटक उत्सव-महोत्सवहरूलगायतका विविध पाटोलाई केलाइएको थियो । निजी क्षेत्रको प्रयासमा राजधानीसँगै मोफसलमा पनि नाटक मञ्चनको विकास हुँदै आएको उल्लेख थियो । थिएटर मल र ज्योतिपुञ्ज साइन थिएटरको सह-आयोजनामा सम्पन्न सो कार्यक्रममा अशोक शिवाकोटीद्वारा अभिनित एकल कविता-मञ्चन 'कान्छी, भट्टी र देश' र प्रियङ्का झाद्वारा अभिनित मैथिली एक नाट्य-प्रस्तुति 'कथा नई भेटल' समेत प्रस्तुत गरिएको थियो ।



# पोखरामा 'मञ्च सज्जा प्रशिक्षण'

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले पोखराको युथ क्रियसन थिएटरलाई कसरी निर्माण गर्ने र थिएटरभित्रको संरचना कस्तो हुनुपर्छ भन्नेबारे प्रशिक्षण दिएको छ । प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यमा गत १८ मंसिरमा प्रतिष्ठानले पोखरामा 'मञ्च सज्जा प्रशिक्षण' कार्यक्रम आयोजना गरेको हो । सो कार्यक्रममा युथ क्रियसन थिएटरलाई नयाँ नाट्यघर निर्माणका लागि यस्तो प्रशिक्षण दिइएको हो । सो क्रियसनले पोखराको नागढुङ्गामा थिएटर सेन्टर निर्माण गरिरहेको छ ।

गत वर्ष १ साउनमा संस्कृतिविद् एवं नेपाल नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्यसचिव तीर्थ श्रेष्ठले शिलान्यास गर्नुभएको सो थिएटर सेन्टर निर्माणमा सहयोग पुगोस् भनेर प्रशिक्षण कार्यक्रम आयोजना गरिएको कुलपति सरूभक्तले बताउनुभयो । उहाँले पोखराको रङ्गमञ्च इतिहासबारे प्रकाश पार्दै युथ क्रियसन थिएटरले निर्माण गरेको नाटकघर सञ्चालनपछि पोखरामा नाटकको पुनर्बहाली हुने विश्वास व्यक्त गर्नुभयो । युथ क्रियसन थिएटरको यो अभियानमा प्रतिष्ठानले सहयोग गर्दै जाने प्रतिबद्धता पनि जनाउनुभयो । रूसबाट रङ्गमञ्च निर्माण एवं सजावटमा उच्चशिक्षा हासिल गर्नुभएका नाट्यकमी एवं प्रतिष्ठानका पूर्वउपकुलपति प्रचण्ड मल्लले कार्यक्रममा नाटकघरको निर्माण, त्यहाँको मञ्च, प्रकाश परिचालन, दर्शकदीर्घा आदि कस्तो हुनुपर्छ भनेर प्रशिषण दिनुभयो । नाटक घर बन्दै गरेको यो स्थानको भ्रमण गरेपछि मल्लले युथ क्रियसनका रंगकर्मीलाई यस्ता विषयमा विस्तृत रूपमा प्रशिक्षण दिनुभएको हो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले नाटकघर भन्नाले रङ्गमञ्चको घर भएकाले त्यसमा कथाअनुसार रङ्गमञ्च, दृश्य, प्रकाश परिचालन हुन पर्ने धारणा राख्नुभयो । उहाँले यस्तो प्रशिक्षणले रङ्गमञ्च निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले नयाँ नाटकघर निर्माण कसरी गर्ने भन्नेबारे सल्लाह दिनुभयो । उहाँले नाटकघर निर्माणपछि त्यसलाई कसरी सञ्चालन गर्ने भन्ने प्रक्रियाबारे पनि जानकारी गराउनुभयो । युथ क्रियसन थियटरका अध्यक्ष कपिल शर्माले थिएटरको हालसम्म जग हाल्ने र पिलर उठाउने काम पूरा भएको जानकारी गराउनुभयो । उहाँले भूकम्प, नाकाबन्दीबीचमा पनि निर्माण जारी रहेको जानकारी दिँदै ६० प्रतिशत निर्माण सम्पन्न भएको नाटकघर चाँडै निर्माण सकेर सञ्चालनमा ल्याउने बताउनुभयो । २०६९ सालमा आफूहरूले युथ क्रियसन थिएटर स्थापना गरेको जानकारी शर्माले गराउनुभयो । सो थिएटरले अन्तर्राष्ट्रिय रक्सी भट्टी, अर्को ओरालो जस्ता नाटकहरु मञ्चनसहित नाट्य क्षेत्रमा चार वर्षयताबाट विभिन्न कार्यक्रम गर्दै आएको शर्माले बताउनुभयो ।

डेढ रोपनी जग्गामा निर्माण हुने नाटकघरको सज्जामा कार्यशालापछि आफूहरूलाई निकै सहज भएको थियटर निर्माण समितिको कथन छ । यसको निर्माण लागत करिब २२ लाख पुग्ने भनिएकोमा भूकम्प र नाकाबन्दीका कारण कार्य ढिला भएकाले लागत बढ्ने निर्माण समितिको भनाइ छ । निर्माणमा विभिन्न क्षेत्रबाट सहयोग भइरहेको छ । फेसबुक र ट्विटर अभियानबाट तीन लाख रूपैयाँ सङ्कलन भएको जानकारी दिँदै थिएटरको निर्माण सक्न अझै आर्थिक सहयोग चाहिएको निर्माण पक्षका तर्फबाट जानकारी गराइयो ।



# तेस्रो भोजपुर आइडल नवीन

भोजपुर । गत ६ चैतमा कटुञ्जे युवा क्लब भोजपुरको आयोजना र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सहआयोजनामा तेस्रो भोजपुर आइडल २०७२ भोजपुर बजारमा सम्पन्न भएको छ । सो प्रतियोगिताका लागि भोजपुर जिल्लाका ४५ जना गायक गायिका चयन भएकोमा उत्कृष्ट १० अन्तिम प्रतिस्पर्धामा उत्रिएका थिए । जसमध्येबाट बासीखोरका नवीन राईले उत्कृष्ट भोकलिस्टसहित तेस्रो भोजपुर आइडल २०१६को उपाधि जित्नुभयो । उहाँले ट्रफीसहित १० हजार रूपैयाँ पाउनुभयो । यस्तै, होम्ताङका आयुष राईले उत्कृष्ट प्रस्तुतिको उपाधिसहित १० हजार रूपैयाँ र ट्रफी प्राप्त गर्नुभयो । कार्यक्रममा बासीखोरका राजकुमार राईले उत्कृष्ट अनुशासन र रानीबासका बिर्सिमान राईले उत्कृष्ट व्यक्तित्वको उपाधि जित्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिक प्रमुख अतिथि हुनुभएको सो कार्यक्रममा होम्ताङ गाविसका आयुस राईले उत्कृष्ट प्रस्तोताको प्रत्यक्ष पुरस्कार हासिल गर्नुभयो ।

विजेतालाई पुरस्कार वितरण गर्दै प्रतिष्ठानका सदस्य सचिव रसिकले भोजपुरका युवापुस्ताका कलाकारलाई प्रोत्साहित गर्न आयोजित सो कार्यक्रम निकै सफल भएको बताउनुभयो । अर्का, अतिथि एवं अग्रज स्रष्टा श्याम तमोटले पनि यस्ता कार्यक्रममा स्थानीय प्रतिभाको प्रोत्साहन हुने धारणा राख्नुभयो ।

भोजपुरका प्रतिभाको गायन कला निखार्दै उनीहरूलाई राष्ट्रियस्तरमा पुऱ्याउन आफूहरूले तीन वर्षअघिबाट यो प्रतियोगिता सुरू गरेको कटुञ्जे युवा क्लबका अध्यक्ष बाजेन्द्र राईले सो कार्यक्रममा जानकारी गराउनुभयो ।

# उर्लाबारीमा जनपक्षीय सङ्गीतबारे अन्तरक्रिया

मोरङ । उर्लाबारीको मोरङमा नेपाली जनपक्षीय सङ्गीतबारे अन्तरक्रिया सम्पन्न भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना तथा स्थानीय कलाकारहरूको सहयोगमा सो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा अग्रज गायक रामकृष्ण दुवालले 'नेपाली जनपक्षीय सङ्गीतको इतिहासदेखि वर्तमानसम्म' विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । विभिन्न कालखण्डमा प्रस्तुत हुँदै आएका जनपक्षीय गीतलाई जागरण तथा जनताको गीतमा लिइने गरिएको उहाँको कार्यपत्रमा उल्लेख थियो । कार्यपत्रमा जनपक्षीय सङ्गीतको विकास, यसको महत्व, जनपक्षीय गायनमा सक्रिय कलाकार र उनीहरूको गीतबारे पनि उल्लेख गरिएको थियो ।

स्थानीय कवयित्री मिश्र वैजन्तीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा यस प्रतिष्ठानका सदस्य सचिव गणेश रसिक प्रमुख अतिथि हुनुहुन्थ्यो । उहाँले नेपाली सङ्गीतको विकासका लागि प्रतिष्ठानले जिल्ला जिल्लामा सङ्गीतबारे अन्तरक्रिया, गोष्ठी, महोत्सव, डबली यात्रा तथा अनुसन्धानमूलक कार्यक्रम गर्दै आएको बताउनुभयो ।

यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य खेम नेपालीले जनपक्षीय सङ्गीतको महत्व दर्शाउँदै यसको बारेमा थप प्रकाश पार्नुभएको थियो ।

कवि, सङ्गीतकार एवं कञ्चनजङ्घा एफएमका प्रबन्ध निर्देशक चन्द्र भण्डारीले पूर्वमा नेपाली गीत सङ्गीतको अवस्थाबारे चर्चा गर्नुभएको थियो ।

सो अन्तरक्रिया कार्यक्रममा गायक रामकृष्ण दुवालले आफ्ना विभिन्न जनपक्षीय गीतहरू प्रस्तुत गर्नुभएको थियो । उहाँले 'एक युगमा एक दिन एक चोटी आउँछ...', 'किन होला मैले कांडा टेक्न मन पराएँ...' लगायतका गीत गाउनुभयो । उहाँलाई वाद्यवादनमा उर्लाबारीका स्थानीय कलाकारले साथ दिएका थिए ।

# ताप्लेजुङका शिक्षकले सिके लोक नृत्य

ताप्लेजुङ । ताप्लेजुङ नगरपालिकाभित्र रहेका सरकारी तथा निजी माध्यमिक विद्यालयका शिक्षकलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, नृत्य विभागले आधारभूत नृत्य शिक्षा सिकाइबारे प्रशिक्षण दिएको छ । गत फागुन १० र ११ गते दुई दिने नृत्य प्रशिक्षण दिएको हो ।

प्रतिष्ठनका प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा आयोजित कार्यक्रमको उद्घाटन ताप्लेजुङका जिल्ला शिक्षा अधिकारी चैतन्य निरौलाले १० फागुनमा गर्नुभएको थियो । कार्यक्रम संयोजक प्राज्ञ प्रधानले नेपाली लोकनृत्यको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय शिक्षकलाई यस्तो नृत्यको प्रशिक्षण दिन लागिएको बताउनुभयो । उद्घाटन सत्रपछि नृत्य प्रशिक्षण सुरू भएको थियो । नृत्य प्रशिक्षक रामजी थापा (रोचक) ले सहभागी विद्यालयका शिक्षकलाई दुई दिन नृत्य प्रशिक्षण दिनुभयो ।

नृत्य प्रशिक्षणमा उहाँले नेपाली लोकनृत्य झ्याउरे, टप्पा, कौडा, सालैजो, हुर्रा, भोजपुरी, मैथिली, नेवारी, झाँगड, देउडा तथा प्रचलित लोक लयमा नाचिने नृत्यहरूको आधारभूत तरिकाहरु सिकाउनुभएको थियो ।

प्रशिक्षणको ११ फागुनमा समापन कार्यक्रम आयोजना गरियो । समापन समारोहमा ताप्लेजुङ नगरपालिकाका श्री भानुजन उच्च माध्यमिक विद्यालय, श्री लिटिलबुद्ध अंग्रेजी माध्यमिक विद्यालयका छात्र, छात्राहरुद्धारा आकर्षक लोकनृत्य प्रस्तुत गरिएको थियो । सोही समारोहमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट प्राज्ञ माधव प्रधानले प्रशिक्षण कार्यक्रमका सहभागीलाई प्रशंसापत्र प्रदान गर्नुभयो ।




# सल्यानमा दुई दिवसीय परम्परागत लोकगीत सम्मेलन

सल्यान । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सल्यानको शीतलबजार, रिममा दुई दिवसीय परम्परागत लोकगीत सम्मेलन सम्पन्न भएको छ । प्रतिष्ठानको लोक सङ्गीत विभागद्वारा २८ र २९ फागुनमा सम्मेलन गरिएको हो । लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ पवित्रा घर्ती मगरको संयोजकत्वमा सल्यान र आसपासका परम्परागत लोकगीत, संगीत, संरक्षणका लागि कार्यक्रमको आयोजना गरिएको हो ।

सल्यान क्षेत्र नं. २ का सांसद प्रकाश ज्वालाको प्रमुख आतिथ्यतामा आयोजित सम्मेलनको सभापतित्व प्राज्ञ घर्तीले गर्नुभएको थियो । कार्यक्रमको प्रशंसा गर्दै यस्तो सम्मेलनले आफ्नो लोकभाकाको संरक्षणका लागि स्थानीय कलाकारलाई प्रेरणा मिल्ने सांसद ज्वालाले बताउनुभयो । यस्तै, नेपालमा पुस्ता हस्तान्तरणको अभावमा कयौं लोकभाका सङ्कटमा पर्दै गएकाले यस्ता लोकभाकाको संरक्षण, प्रवर्द्धन र पुस्तापुस्ताबीच हस्तान्तरणका लागि सम्मेलन गरिएको प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीले बताउनुभयो ।

कार्यक्रमको पहिलो दिन सल्यान जिल्लाका विभिन्न क्षेत्रका परम्परागत लोकगीतहरूको प्रस्तुति गरिएको थियो । सम्मेलनमा सल्यान जिल्लाका विभिन्न क्षेत्रका १८ जना गायकले स्थानीय, परम्परागत तथा मौलिक लोकगीत प्रस्तुत गरेका थिए ।

सम्मेलनमा लोक कलाकारहरू पोकबहादुर शाह, जीतकला नेपाली, टीकाराम खड्का, काशिराज अधिकारी, भद्रसिंह बुढा, हरिलाल पुन, गौरिलाल खत्री, नरबहादुर कामी, पुर्भान पुन, तिलसरी बोहरा, नरसिंह पुन, चन्द्रलाल विक, मिना वली, डिला बुढा, गोलकराज बुढा, बलसिंह शाह, भुमा उपाध्याय र भविन विकले प्रस्तुत गरेका गीत मौलिक र स्थानीय भाकाका थिए ।

सम्मेलनमा पुरानादेखि नयाँ पुस्तासम्मका कलाकारद्वारा लोकभाका प्रस्तुत गरिएको थियो । सम्मेलनमा गुरु घर्ती, पोषण घर्ती, बच्चुकैलाश, प्रवीण पुन, दिपेन्द्र पुन, गणेश गन्धर्वले वाद्यवादन प्रस्तुत गरेका थिए । कार्यक्रममा हजारौं दर्शकहरूले उत्साहका साथ लोकगीत सुनेका थिए । गाउँघरमा गुञ्जने लोकगीतलाई यसरी एकै मञ्चबाट सुन्न पाउँदा स्थानीयवासी हर्षित भएका थिए । सम्मेलनले पुस्तापुस्ताबीचको लोक संस्कृति हस्तान्तरणलाई बलियो आधार तयार गरेको स्थानीय बासिन्दाको भनाइ थियो ।

लोकगीत सम्मेलनको दोस्रो दिन सल्यानको परम्परागत लोकगीतसम्बन्धी दुईवटा कार्यपत्र प्रस्तुत गरियो । कार्यक्रममा 'सल्यान जिल्लाका लोकगीतको विश्लेषण' विषयको कार्यपत्र संस्कृतिकर्मी डम्बरबहादुर पुनले प्रस्तुत गर्नुभएको थियो । पुनले कार्यपत्रमा सल्यान जिल्लाका लोकगीतहरूलाई प्रस्तुति, विषयवस्तु, संरचना, साहित्य, भाषाशैलीका आधारमा विश्लेषण गर्नुभयो । उहाँले सल्यान जिल्लाका लोकगीत मौखिक परम्परामा एक व्यक्तिबाट अर्को व्यक्ति, एक स्थानबाट अर्को स्थान, एक पुस्ताबाट अर्को पुस्तामा विस्तारित विकसित हुँदै युगौंदेखि जीवित रहँदै आएको बताउनुभयो । तथापि कयौं लोकगीत अहिले समाजबाट टाढा हुँदै गइरहेको उहाँको भनाइ थियो । सम्मेलनले संकटग्रस्त अवस्थामा रहेका लोकगीतलाई समेट्ने प्रयत्न गरेको धारणा पुनको थियो । उहाँको कार्यपत्रमाथि मध्यपश्चिम साहित्य परिषद्का आजीवन सदस्य प्रेम योगीले टिप्पणी गर्नुभएको थियो ।

सोही कार्यक्रममा भद्रसिंह बुढाले 'सल्यान जिल्लाका लोकगीतको सङ्कलन र वर्गीकरण' शीर्षकमा कार्यपत्र



प्रस्तुत गर्नुभयो । कार्यपत्रमा बुढाले सल्यान जिल्लामा गाइने विभिन्न परम्परागत लोकगीतहरूको संकलन गरिएका गीतहरूको वर्गीकरण गर्नुभएको थियो । उहाँको कार्यपत्रमाथि भूपाल शाहले टिप्पणी गर्नुभयो । दोस्रो दिनको विचार गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय संस्कृतिकर्मी, कलाकर्मी, अग्रज, विद्वान तथा प्रतिभाहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए । सो कार्यक्रमले स्थानीय लोकगीत सङ्गीत प्रेमीहरूलाई एक प्रकारको सकारात्मक ऊर्जा थपेको सहभागीहरूको भनाइ थियो ।

# सल्यानमा दुईदिने महोत्सव सम्पन्न




सल्यान । गत ७ र ८ माघमा यस नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठान र लोकवार्ता परिषद्को आयोजनामा सल्यानमा सल्यानी कला साहित्य तथा संस्कृति राष्ट्रिय महोत्सव-२०७२' सम्पन्न भएको छ ।

महोत्सवको पहिलो दिन स्थानीय कलाकारले विभिन्न झाँकी तथा सांस्कृतिक प्रस्तुतिहरु प्रदर्शन गरेका थिए । स्थानीय कलाकारहरूले पहिलो दिन सल्यानमा प्रचलित लोक नृत्य एवं गीतहरु प्रस्तुत गरेका थिए । उदघाटन सत्रमा कलाकारहरूले पैसारु, टप्पा, सिङगारु/सोरठी, साँरौ जस्ता विभिन्न नाचहरु प्रस्तुत गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विष्णुविभु घिमिरेको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद सदस्य पवित्रा घर्तीले स्थानीय लोकनृत्य सङ्गीत एवं संस्कृतिको जगेर्नाका लागि सो कार्यक्रम आयोजना गरिएको बताउनुभयो । कार्यक्रमको सभापतित्व लोकवार्ता परिषद्का अध्यक्ष जयराज पन्तले गर्नुभएको थियो । कला संस्कृतिले निकै धनी मानिएको सल्यानको संस्कृति जगेर्नाका लागि यो कार्यक्रम गरिएको पन्तले प्रकाश पार्नुभयो ।

महोत्सवको दोस्रो दिन विभिन्न संस्कृतिविद्हरूले कार्यक्रममा संस्कृति क्षेत्रका विविध विषयमा कार्यपत्र प्रस्तुत गरे । कार्यक्रममा आग्रज लोक स्रष्टा खड्ग बुढाले 'सल्यान जिल्लाको कला संस्कृतिको सामान्य चिनारी' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्रमा सल्यान जिल्लाका मौलिक लोकसङ्गीतको बारेमा समेटिएको थियो । सल्यान जिल्लाका विभिन्न स्थानका नाम मगर भाषाबाट राखिएको रोचक प्रसङ्ग उहाँको कार्यपत्रमा समेटिएको थियो । त्यहाँका त्यहाँका गाउँबस्ती लोकसंस्कृतिसँग नजिक रहेको बुझिएको बुढाले बताउनुभयो । उहाँको कार्यपत्रमा सल्यामा मात्र २० भन्दा बढी आफ्ना मौलिक लोकनृत्य भएको, सोरठी, पोईस्यारू, लामिसोरे भाका जस्ता थुप्रै गायन तथा नृत्यका बारेमा उल्लेख थियो । यस्तै अग्रजदेखि नयाँ पुस्तासम्मका सल्यानका कलाकारको बारेमा पनि सो कार्यपत्रमा समेटिएको थियो । उहाँको कार्यपत्रमाथि मोतीलाल नेपालीले टिप्पणी गर्नुभएको थियो ।

यस्तै, डा. भक्त राईले मन्धुम संस्कृतिबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्रमा मुन्धुम संस्कृतिको उत्पत्ति, यसको विकास, मुन्धुम पूजा विधिदेखि चलनचल्तीका विविध संस्कारको बारेमा उल्लेख गरिएको थियो । सो कार्यपत्रमाथि मनोहर लामिछानेले टिप्पणी गर्नुभएको थियो ।

सोही कार्यक्रममा मणिराम शर्मले राउटे संस्कृतिबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । फिरन्ते यो जातिमा विवाह गर्नुअघि केटाले जति धेरै पिरो खान्छ, उसले त्यति नै बढी माया गर्छ भन्ने विश्वास राउटे युवतीहरूको रहेको जस्ता विविध रोचक पक्ष सो कार्यपत्रमा उल्लेख थियो । उनीहरूको चाडपर्व, पेसा, संस्कृति, भाषा, जीवनशैली जस्ता पक्ष सो कार्यपत्रमा उल्लेख थियो ।

# टक्सारमा डाफा भजनबारे गोष्ठी



भोजपुर । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, शास्त्रीय तथा परम्परागत सङ्गीत विभागको आयोजनामा भोजपुरको टक्सार बजारमा गत ३ फागुनमा भोजपुरमा 'डाफा भजन-२०७२' गोष्ठी आयोजना गरिएको छ ।

स्थानीय स्रष्टा जगतबहादुर शाक्य प्रमुखअतिथि रहनुभएको सो कार्यक्रम प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख उदय श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको हो । कार्यक्रम प्रस्तोता श्याम तमोटले भोजपुरको कला संस्कृतिको बारेमा प्रकाश पार्नुभएको कार्यक्रमको अतिथिमा भीम उदास र गणेश बज्राचार्य अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रेमबहादुर शाक्यले भोजपुरमा डाफा भजनको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । टक्सारमा डाफा भजनको सुरूवात १९५० वा १९५५ सालतिर पाटनबाट ग्वारा आजु नामका व्यक्तिको टक्सार आगमनदेखि भएको कार्यपत्रमा उल्लेख छ । सो कार्यपत्रमा दाफा भजनको विशेषता, यसको प्रचलित ताल र रागहरु, डाफा भजन आयोजना गरिँदै आएका मुख्य स्थलहरु, डाफा भजनमा भाषिक प्रयोगदेखि डाफा भजनमा आएका सङ्कटसमेत उल्लेख गरिएको थियो । पुराना भजनकर्मीहरुको अवसान, नयाँ पुस्ताहरु अध्ययन, रोजगारी तथा वैदेशिक रोजगारीका कारण अन्यत्र जानुले पनि यो भजन नयाँ पुस्तामा हस्तान्तरण सोचेअनुसार हुन नसकेको समस्या सो कार्यपत्रमा प्रस्तुत गरियो ।

टिप्पणीकर्ता गणेश बज्राचार्यले कार्यपत्र निकै राम्रो रहेको बताए । उनले डाफा भजनको संरक्षण गर्न नयाँ पुस्तालाई तालिम दिनुपर्ने तथा यसलाई व्यावसायिक गरिए अझ राम्रो हुने सुझाव दिनुभयो । भजनमा भएका हिन्दी शब्दलाई नेपालीकरण गरिनुपर्ने पनि उहाँले बताउनुभयो ।

कार्यपत्रमाथि भीम उदासले टिप्पणी गर्दै भोजपुरको डाफा भजनलाई रेकर्ड गरेर राख्नुपर्ने बताउनुभयो । डाफा भजनमा संलग्न अहिलेको टोलीमा कलाकार थपेर खिं बाजा बजाउने १० जना र भजन गाउने १० जना पुऱ्याउन सक्दा समूह अझ सशक्त बन्ने सल्लाह पनि उहाँले दिनुभयो । कार्यपत्रमाथि परशुराम तिवारी, कमलजंग राईले पनि आफ्ना धारणा राख्नुभएको थियो ।

प्रमुख अतिथि जगतबहादुर शाक्यले भोजपुरका स्थानीय डाफा भजन संरक्षणका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले गोष्ठी आयोजना गर्दा स्थानीयमा ऊर्जा मिलेको बताउनुभयो । डाफा भजनलगायत स्थानीय कला संस्कृति संरक्षणमा सबै लाग्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख एवं कार्यक्रमका सभापति उदय श्रेष्ठले परम्परागत गीत सङ्गीतको संरक्षण गर्नु सबैको दायित्व भएको बताउनुभयो । उहाँले यो डाफा भजनको आफ्नै इतिहास र महत्व भएकाले यसलाई संरक्षण गर्न अति जरूरी रहेको बताउनुभयो । सोही कारण डाफा प्रस्तुतिलाई निरन्तरता दिन कार्यक्रम आयोजना गरिएको उहाँले प्रस्ट्याउनुभयो । यस्तो लोपोन्मुख गीत सङ्गीतको संरक्षण र प्रवर्द्धन गर्न प्रज्ञा प्रतिष्ठानले सदैव सहयोग गर्ने प्राज्ञ श्रेष्ठले बताउनुभयो । कार्यक्रमको समापनमा स्थानीय कलाकारले डाफा भजन प्रस्तुत गरेको थिए । प्रचलित रागहरुमा उनीहरूले डाफा भजन गाएका थिए । बृहत् कार्यक्रममा आफ्ना कला प्रस्तुत गर्न पाउँदा डाफा भजन समूहले खुसी व्यक्त गरे ।





# चितवनमा चेपाङ जातिको कला





चितवन । चेपाङ जातिको कला संस्कृतिको सम्वर्द्धन र विकासका लागि गत २५ पुसमा चितवनको टाँडीमा 'चेपाङ जातिको प्रदर्शनकारी कला अध्ययन तथा प्रदर्शनी' शीर्षकको बृहत् कार्यक्रम आयोजना गरियो । चेपाङ बालबालिकालाई पालनपोषण तथा अध्ययनका लागि टाँडीमा केपी किरणद्वारा सञ्चालित चेपाङ आश्रममा कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सहयोगमा सम्पन्न कार्यक्रममा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) प्रमुख अतिथि हुनुहुन्थ्यो ।

सो कार्यक्रममा मकवानपुर र चितवनका विभिन्न गाउँबाट आएका चेपाङ समुदायले आफ्ना लोक संस्कृति एवं नृत्यहरु प्रस्तुत गरे । उनीहरूको मौलिक नृत्य प्रस्तुत निकै आकर्षक थियो । उनीहरूले झाँकी प्रस्तुतिका क्रममा आफ्ना जीवनशैलीको नाट्य झाँकीसमेत प्रस्तुत गरेका थिए ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै केपी किरणले चेपाङ समुदायको मौलिक संस्कृति संकटमा परेकोमा चिन्ता व्यक्त गर्नुभयो । सो समुदायमा चलेको धर्म परिवर्तनले पनि मौलिक संस्कृतिमा प्रत्यक्ष प्रभाव परेको उहाँको भनाइ थियो । चेपाङ समुदायका बालबालिकालाई उचित शिक्षासहित रोजगारीको अवसर दिलाउँदै उनीहरूलाई समाजमा अघि बढाउन आफूले चेपाङ आश्रम केन्द्र सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

प्रतिष्ठानका कुलपति सरूभक्तले प्रतिष्ठानले सीमान्तकृत जाति तथा समुदायको कला संस्कृतिको प्रदर्शन, प्रवर्द्धन एवं संरक्षणका लागि विभिन्न कार्यक्रम गर्दै आएको जानकारी दिनुभयो । यस्ता समुदायको प्रदर्शनी कलालाई भिडियो तथा तस्बिरमा खिचेर प्रतिष्ठानले संग्रहित गर्ने तथा सीमान्तकृत समुदायको बारेमा अध्ययन अनुसन्धान गरेर पुस्तक पनि प्रकाशन गर्ने धारणा राख्नुभयो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले प्रतिष्ठानले मोफसलका विभिन्न ठाउँमा पुगेर त्यहाँका मौलिक संस्कृतिको जगेर्ना गर्ने काम गर्दै आएको बताउनुभयो । यस्तै, चेपाङ समुदायको मौलिक कला अनुसन्धान, संरक्षण र प्रदर्शनका लागि कार्यक्रम आयोजना गरेको बताउनुभयो । यस्ता कार्यक्रममा विभिन्न लोपोन्मुख भाषा, संस्कृति परम्पराको प्रवर्द्धनमा टेवा पुग्ने उहाँको भनाइ थियो ।




# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको छैटौं वार्षिक उत्सव

काठमाडौं । गत १० वैशाखमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आफ्नो छैटौं वार्षिक उत्सव मनाएको छ । प्रतिष्ठानकै कार्यालयमा प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्य सचिव, प्राज्ञ परिषद् सदस्य, प्राज्ञ सभा सदस्य, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव एवं प्रतिष्ठानका कर्मचारीको सहभागितामा वार्षिक उत्सव मनाइएको हो ।

सो कार्यक्रमका सभापति एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले प्रतिष्ठान आफ्नो भवन निर्माणप्रति गम्भीर रहेको बताउनुभयो । प्रज्ञा प्रतिष्ठानको आधार भौतिक पक्ष र कर्मचारीतन्त्र भएको धारणा राख्दै उहाँले भन्नुभयो, 'नेपाल सरकारले हामीलाई १५ रोपनी जग्गा दिइसकेकाले सम्बन्धित मन्त्रालयको सहयोगमा हामी यथाशीघ्र चाँडै प्रतिष्ठानको भवन निर्माण शुरू गर्ने योजनामा छौं ।' यस्तै, प्रतिष्ठानका कर्मचारीलाई स्थायी गर्ने कार्य भइरहेको पनि उहाँले जानकारी गराउनुभयो ।

प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटाले कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिष्ठानको भवन निर्माणका लागि सरकारबाट १५ रोपनी जग्गा प्राप्त भएको बताउनुभयो । बासकोटाले जग्गासम्बन्धी देखिएको विवाद मिलाएर अघि बढ्न ललितकला प्रज्ञा प्रतिष्ठानलाई सुझाव दिनुभयो । यस्तै, तीनवटै प्रज्ञा प्रतिष्ठान माथि उठनुपर्ने धारण राख्दै एकले अर्कालाई सघाउनुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो । प्रतिष्ठानको श्रव्यदृश्य विभागले अग्रज स्रष्टाहरूको बायोग्राफी निर्माण गरिरहेको उहाँले जानकारी गराउनुभयो ।

प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव गणेश रसिकले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले एक वर्षभित्र गरेको कार्यक्रमबारे जानकारी गराउनुभयो । विभिन्न कारणले गएको वर्ष बजेट कम आए पनि प्रतिष्ठानले उत्साहपूर्वक काम गरेको उहाँले बताउनुभयो । यस्तै, प्रस्तुति, प्रवर्द्धन, संरक्षणसँगै अनुसन्धानका काम पनि प्रतिष्ठानबाट भइरहेको उहाँको भनाइ थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव एवं संस्कृति विभाग प्रमुख भरतमणि सुवेदीले गत वर्ष वैशाखको भूकम्पपछि प्रतिष्ठानले गाउँगाउँ पुगेर सर्वसाधारणमा भूकम्पको त्रास भगाउन मुलुकका दुई सयभन्दा बढी ठाउँमा गरेको साङ्गीतिक एवं नाट्य थेरापी कार्यक्रम सराहनीय भएको बताउनुभयो । प्रतिष्ठान निकै सक्रिय रहेकाले यसका लागि बजेट बढाउन आफूले पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले यसपटक प्रज्ञा प्रतिष्ठान मोफसलमा केन्द्रित भई जिल्ला जिल्लामा पुगेर स्थानीय लोक नाट्य कला, सङ्गीतको संरक्षण प्रवर्द्धनमा बढी सक्रिय भएको जानकारी गराउनुभयो । आर्थिक वर्ष २०७३/७४ को बजेटपछि यस वर्षको कार्यक्रम तय गरिने उहाँले बताउनुभयो ।

यस्तै, प्राज्ञ सभाका तर्फबाट प्राज्ञ सभा सदस्य पूर्ण नेपालीले प्रतिष्ठानद्वारा अनुसन्धानमूलक कामलाई बढी प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो । आफूहरूले चार वर्षको कार्यकालमा नेपाली सङ्गीत तथा नाट्य क्षेत्रको विकासमा केही ईँटा थपेर जाने योजना सुनाउँदै अबका दिनमा अझ धेरै काम प्रतिष्ठानले गर्नुपर्ने सुझाव उहाँले दिनुभयो ।

## चार स्रष्टालाई 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२'

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको छैटौं वार्षिक उत्सवको अवसरमा कुलपति सरूभक्तले २०७२ सालको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार' घोषणा गर्नुभयो ।

उहाँले विभिन्न चार विधामा 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' बाट सम्मानित गरिने चार अग्रज स्रष्टाहरूको नामसमेत घोषणा गर्नुभएको थियो ।

कुलपति सरूभक्तले यो पुरस्कारको राशि एक लाख एक रूपैयाँ र ताम्रपत्र रहेको जानकारी दिनुभयो । नाट्य तथा अभिनयतर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' अग्रज कलाकार शकुन्तला शर्मा गुरूङलाई, नाट्य लेखन निर्देशनतर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' मैथिली नाटकको लेखन, मञ्चन, प्रवर्द्धक नाट्यकर्मी महेन्द्र मलंगियालाई प्रदान गरिने उहाँले बताउनुभयो । यस्तै, लोक संस्कृतितर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' अग्रज लोकगीत सङ्गीतका स्रष्टा प्रचण्डबहादुर बुढाथोकीलाई र वाद्यवादनतर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' अग्रज बाद्यबादक गोपालनाथ योगीलाई प्रदान गरिने छ ।




# पूर्वकुलपति गुरुङको उपचार निर्णयको स्वागत

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति एवं राष्ट्रगानका सङ्गीतकार अम्बर गुरुङको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले बेहोर्ने निर्णयको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले स्वागत गरेको छ ।

पूर्वकुलपति गुरुङको उपचारका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारसँग पहल गर्दै आएको थियो । प्रतिष्ठानले गत १८ फागुनमा एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारले गरेको सो निर्णयको स्वागत गरेको हो ।

पार्किन्सन, मधुमेहलगायतका समस्याले लामो समयदेखि पीडित पूर्वकुलपति गुरुङको भारतको हरियाणास्थित मेदान्त अस्पतालमा उपचार भएको थियो । गत फागुनको दोस्रो



साता उपचारका लागि सो अस्पताल भर्ना हुनुभएका गुरुङ उपचारपछि स्वस्थ भएर गत चैतको पहिलो साता नेपाल फर्कनुभएको हो । नेपाल फर्कने क्रममा उहाँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रगानको धुन बजाई स्वागत गरिएको थियो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव एवं सांस्कृतिक विभाग प्रमुख भरतमणि सुवेदीले उपचारमा लागेको सम्पूर्ण खर्चको बिल प्राप्त भएको र अर्थ मन्त्रालय पठाइएको बताउनुभयो । सो उपचार खर्च अर्थ मन्त्रालयबाट निकासा भएर संस्कृति मन्त्रालय हुँदै नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानमार्फत पूर्वकुलपति गुरुङलाई चाँडै हस्तान्तरण गरिने उहाँले जानकारी दिनुभयो । पूर्वकुलपति गुरुङलाई ०७२ कात्तिक २३ को मन्त्रिपरिषद् बैठकले मासिक ३० हजार रुपैयाँ प्रदान गर्ने निर्णय गरेको थियो । सो रकम प्रतिष्ठानमार्फत मासिक रूपमा प्रदान गरिँदै आएको छ ।



# लहानको डबलीमा स्थानीय लोक संस्कृति





लहान । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा लहान बजारमा डबली यात्रा सम्पन्न भएको छ । गत चैत ६ गते लहानको दुर्गा मन्दिरको प्राङ्गणमा रहेको डबलीमा आयोजित डबली यात्रामा प्रतिष्ठानका तर्फबाट प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झा र पुष्करबहादुर गुरूङ आतिथि हुनुहुन्थ्यो ।

प्राज्ञ झाले नाटक मञ्चन तथा नृत्य परम्परा परापूर्वकालदेखि डबलीबाटै सुरू भएको जानकारी गराउनुभयो । तराईमा काठको डबली बनाएर, पहाडी क्षेत्रमा स्थायी रूपमै डबली बनाएर डबली यात्रा परम्परा युगौंदेखि चलिआएको पनि उहाँले प्रकाश पार्नुभयो । सोही डबली परम्परालाई जोगाउँदै स्थानीय कलाकारलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग जोड्न डबली यात्रा आयोजना गर्दै आएको पनि प्राज्ञ झाले बताउनुभयो ।

यस्तै, अर्का प्राज्ञ पुष्करबहादुर गुरूङले नेपालको भौगोलिक, सांस्कृतिक, भाषिक जस्ता विविधत लाई जोडेर यसको संरक्षण एवं प्रवर्द्धन गर्न डबली यात्रा प्रतिष्ठानले गर्दै आएको धारणा सो कार्यक्रममा राख्नुभयो । डबली यात्र ले एक अर्काका संस्कृति एउटै डबलीबाट आदन प्रदानसहित यस्ता संस्कृतिको जगेर्ना हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

डबली यात्राको प्रारम्भमा स्थानीय कलाकारले पारम्परिक होली गायनसहित नृत्य प्रस्तुत गरेका थिए । नजिकिँदै गरेको फागु पूर्णिमाको आगमनको संज्ञा सो होली नृत्यले गरेका थियो । यस्तै, मिथिला स्टुडेन्ट फेडरेसनका कलाकारहरूले डबली यात्रामा मैथिली गीत प्रस्तुत गरेका थिए । नेत्रहीन गायक तेजु मैथिलीले कार्यक्रममा उपस्थित सबैको मन जित्नुभएको थियो । उहाँले कर्णप्रिय स्वरमा तीनवटा गीत गाउँदा कार्यक्रममा सहभागी दर्शकले गायक तेजुलाई तालीले निरन्तर साथ दिएका थिए ।






थारू संस्कृति परिषद् पररियाका कलाकारहरूको प्रस्तुति पनि उत्कृष्ट थियो । परिषद्का कलाकारद्वारा गायनसहित थारू समुदायको लोकनृत्य प्रस्तुत गरिएको थियो ।

डबली यात्रामा विभिन्न तीनवटा नाटक प्रस्तुत गरिएको थियो । नाटक निर्देशक कलाकार प्रिङ्यका झाले मैथिली भाषामा नाटक 'कथा नही भेटल' मञ्चन गर्नुभएको थियो । डा. राजेन्द्र बिमलले लेख्नुभएको कथा 'झिमनी' लाई नाट्य रूपान्तरण गरेर उहाँले मञ्चमा उतार्नुभएको हो । झा आफैले अभिनय र निर्देशन गर्नुभएको यो नाटकमा मिथिलामा महिलामाथि हुने विभिन्न हिंसा प्रस्तुत गरिएको थियो । मूलतः दाइजोको नाममा हुने नारी हिंसा, बालविवाह, छोरीलाई शिक्षामा विभेद जस्ता पक्ष नाटकमा उठाइएको थियो ।

यस्तै डबलीमा अरू दुईवटा नेपाली नाटक मञ्चन गरिएको थियो । ती दुई नाटक 'मोबाइल थिएटर' र 'डबल स्ट्यान्ड' थिए । दुवै नाटकको निर्देशन गंगा तिवारीले गर्नुभएको थियो । जसमा प्रियङ्का झा, सरिता शाहलगायतको अभिनय थियो ।






# दोलखाको पुरानो बजारमा डबली यात्रा

दोलखा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा गत २७ चैतमा भीमेश्वर नगरपालिका दोलखा पुरानो बजारको डबलीमा डबली यात्रा-२०७२ सम्पन्न भयो ।

कार्यक्रम आयोजक तथा यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्यद्वय रमेशरञ्जन झा र पुष्करबहादुर गुरुङलाई स्थानीयवासीले डबलीमा स्वागत गरेका थिए । दोलखा बजारका स्थानीय कुश्ले समुदायका कलाकारले नेवारी बाजा बजाएर डबली यात्राको शुभारम्भ गरेका थिए । कार्यक्रममा स्थानीय कलाकार तथा निम्फा नाट्य ग्रुपका कलाकारहरूले आ-आफ्ना कला प्रस्तुत गरेका थिए । उनीहरूले 'कोही पूर्व कोही पश्चिम-'गीत एवं स्थानीय नेवारी गीतमा नृत्य प्रस्तुत गरेका थिए ।

यस्तै, डबलीमा काठमाडौंबाट गएका कलाकारहरूले तीनवटा नाटक मञ्चन गरे । निर्देशक प्रिङ्यका झाको निर्देशनमा 'नभेटिएको कथा' मञ्चन भएको थियो । नाटकमा नेपाली नारीमाथि हुने विविध घरेलु हिसाको पीडा देखाइएको थियो । नाटकमा अभिनय पनि प्रियङ्का झा आफैले गर्नुभएको थियो ।

यस्तै, गंगा तिवारीको निर्देशनमा 'मोबाइल थिएटर' र 'डबल स्ट्यान्ड' नाटक मञ्चन गरियो । नाटकमा निर्देशक गंगा तिवारीसहित सरिता शाह, सम्रान्त थापा र बृहष सुनुवारले अभिनय गर्नुभएको थियो । तीनवटै नाटकलाई दर्शकले मन पराए ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले डबली यात्रालाई सम्बोधन गर्दै मिथिला र नेवारी संस्कृतिको अन्तरसम्बन्ध दोलखाबाट सुरू भएको जानकारीसहित भन्नुभयो, 'सिम्रौनगढबाट कर्नाटकहरु सिन्धुली हुँदै दोलखा आएर








बसेको पाइन्छ । दोलखा हुँदै काठमाडौं उपत्यका छिरेका कर्नाटकहरूले दोलखाबाटै डबली बनाएर आफ्ना गायन, नृत्य एवं नाट्य प्रस्तुत थालेको र काठमाडौं आउँदा पनि डबली बनाएर सो प्रस्तुतिलाई निरन्तरता दिएको बताउनुभयो । नेपाली मौलिक लोक संस्कृति जोगाउन पनि डबली संस्कृति जोगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । यस्तै, अर्का प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले दोलखामा विभिन्न १२ जाति रहेको र सबैको आआफ्ना भाषा, संस्कृति, गायन, नृत्य रहेको बताउनुभयो । यिनै विविध जाति र समुदायको मौलिक संस्कृति प्रस्तुतिसँगै यस्ता संस्कृतिको जगेर्नाका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले दोलखामा डबली यात्रा प्रस्तुत गरेको जानकारी गराउनुभयो । डबली यात्रा कार्यक्रमले कला संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने पनि उहाँले बताउनुभयो ।



# हेटौंडाको डबली यात्रामा स्थानीय प्रस्तुति




हेटौडा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना तथा यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को सभापतित्वमा गत ५ चैतमा हेटौडा बजार, शालिक क्षेत्रमा डबली यात्रा-२०७२ भव्यरूपमा सम्पन्न भयो ।

यात्राको प्रमुख अतिथि अग्रज सङ्गीतकार एवं उस्ताद भोला जोशी हुनुहुन्थ्यो । प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा डबली यात्रा सम्पन्न भएको थियो । कार्यक्रमका अतिथिहरूमा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य बृजकिशोर सहनी, साहित्यकारहरु तुलसी थापा, निमेश निखिल, साम्भ ढकाल, आरआर चौलागाई, सङ्गीतकार तथा गायकहरु प्रमेन्द्र महर्जन, कृष्णगोपाल सिंह, पुष्कर श्रेष्ठ, पुरणविक्रम अधिकारीलगायत हुनुहुन्थ्यो ।

यस प्रतिष्ठानका कुलपति सरूभक्त, प्रमुख अतिथि जोशी, कार्यक्रम संयोजक प्राज्ञ श्रेष्ठले कलाकारलाई नौमती बाजा हस्तान्तरण गरेपछि कलाकारद्वारा नौमती बाजाबाट



मङ्गल धुन बजाएर कार्यक्रमका उद्घाटन गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति सरूभक्तले कला साहित्य क्षेत्रमा मकवानपुर धनी र सम्पन्न भएको बताउनुभयो । उहाँले डबली परम्परा नेपाली कला संस्कृति प्रस्तुतिका लागि निकै पुरानो र मौलिक परम्परा भएको धारणा राख्नुभयो । स्थानीय कला संस्कृतिको प्रवर्द्धनका लागि डबली यात्रा विभिन्न स्थानमा आयोजना गर्दै आएको कुलपति सरूभक्तले बताउनुभयो ।

डबली यात्रा संयोजक एवं प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले मकवानपुरको कला संस्कृतिको संरक्षण एवं स्थानीय कलाकारलाई प्रोत्साहित गर्न हेटौंडामा डबली कार्यक्रम प्रतिष्ठानले आयोजना गरेको प्रकाश पार्नुभयो ।

उस्ताद भोला जोशीले मकवानपुरको मौलिक गीत सङ्गीत, कला संस्कृतिबारे जानकारी गराउँदै हेटौंडामा आयोजना गरिएको डबली कार्यक्रमबाट स्थानीय कलाकारले आफ्ना प्रस्तुतिका लागि अवसर पाएको धारणा राख्नुभयो । कार्यक्रममा साहित्यकार तुलसी थापा, सङ्गीतकार प्रमेन्द्र महर्जनले कार्यक्रम सफलताको कामना गर्नुभएको थियो ।

स्थानीय सरिखेतका प्रल्हाद दर्जीको १७ जना कलाकार समूहले कार्यक्रमको सुरूमा विभिन्न धुनमा नौमती बाजा बजाए । यसपछि मकवानपुर सङ्गीत समाजका कलाकारले 'जहाँ छन् बुद्धका आँखा...'गीत गाएर कार्यक्रमलाई अघि बढाएका थिए ।

स्थानीय अग्रज कलाकार कृष्णगोपाल सिंह र उहाँका साथीहरूले गीत 'तिमी जस्ती बुझ्झगीले...' गाएर कार्यक्रमको रौनकता बढाउनुभयो । लगत्तै मञ्चमा उत्रनु भएका यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य बृजकिशोर सहनीले दुईवटा भोजपुरी गीत गाएर दर्शकलाई नचाउनुभयो ।

डबली यात्रामा लालबहादुर गुरूङ समूहका कलाकारले कौरा नृत्य प्रस्तुत गर्दा केही दर्शक पनि नाचेको दृश्य देख्न पाइयो । यस्तै, सरीखेतका रवीन्द्र चेपाङले चेपाङ गीत प्रस्तुत गर्नुभयो ।

माया घलानको निर्देशनमा चार दाम नाटकमा तामाङ समुदायको विवाहको रीति प्रस्तुत गरिएको थियो । उनीहरूले विवाहको सगुन खुवाएर पाहुना र दर्शकलाई मन्त्रमुग्ध तुल्याए । यस्तै, तलेजु कला केन्द्रका कलाकारको मगर नृत्य, सुन्दर लामाले गाउनुभएको तामाङ सेलो, आँचल केसीले प्रस्तुत गर्नुभएको राग कलावती पनि कार्यक्रमको आकर्षक बनेको थियो ।








# पोखराको डबलीमा थरीथरी नृत्य प्रस्तुति

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा डबली संस्कृतिलाई उजागर गर्दै कला संस्कृतिको प्रवर्द्धन र प्रोत्साहनका लागि गत १४ मंसिरमा पोखराको रामबजार कालिका मन्दिर परिसरमा 'डबली यात्रा-२०७२' आयोजना गरियो ।

डबलीमा विभिन्न जातजातिका विविध सांस्कृतिक प्रस्तुति गर्दा त्यहाँ दर्शकको निकै घुइँचो लाग्यो । हिमाली सांस्कृतिक परिवारको सहयोगमा सम्पन्न कार्यक्रममा पोखरा क्षेत्रका विभिन्न जातजातिका सांस्कृतिक समूहहरूद्वारा १० वटा विविध नृत्य प्रस्तुत गरिएको थियो । हिमाली सांस्कृतिक परिवारका कलाकारले पञ्चेबाजा बजाउँदै कार्यक्रम सुरु गरेका थिए ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटाले पोखराका विभिन्न अग्रज स्रष्टाहरूलाई डबली यात्राको उद्घाटन समारोहमा सम्मान गरे । उपकुलपति बासकोटाले डबली यात्रा कार्यक्रमका बारेमा प्रकाश पार्दै पुराना गीत, सङ्गीत र नृत्यको जगेर्ना गर्ने उद्देश्यले यात्रा सुरु गरिएको बताउनुभयो । यसलाई देशका विभिन्न ठाउँमा आयोजना गर्दै जाने प्रतिबद्धता जनाउँदै बासकोटाले कला र संस्कृतिको धनी सहर पोखरामा नाकाबन्दीको प्रभावबीच पनि सम्पन्न डबली यात्रामा हजारौं दर्शकको उपस्थितिले आफूहरूमा उत्साह बढेको बताउनुभयो ।

कार्यक्रमको दोस्रो प्रस्तुति कालिका मन्दिर आमा समूहको तिजे गीत रहेको थियो । निकै कर्णप्रिय स्वरमा गायिकाको तिजे गीतले स्थानीय महिला दर्शकको मन जितेको थियो । कार्यक्रममा दुरा सेवा समाजले प्रस्तुत गरेको ठाडोभाका गीत पनि आफैंमा आकर्षक थियो । सो गीतमा कलाकारलाई दर्शकले ताली बजाउँदै साथ





...ाएका थिए ।

रामबजारको तायाः मचा समितिको ...वारी समुदायमा प्रचलित एवं लोपोन्मुख ...ायाः मचा नृत्य प्रस्तुत गर्दा सम्पूर्ण ...र्शकहरूको ध्यान मञ्चतर्फ तानिएको थियो । ...स्तै, पुन समाजले प्रस्तुत गरेको परम्परागत ...वं धार्मिक पुर्ख्यौली नृत्यमा प्रयोग भएका ...ालका कारण दर्शकमा ऊर्जा थपिएको ...थियो । स्थानीय कलाकारले प्रस्तुत गरेका ...ोडा र चुट्का नृत्यमा दर्शकहरु रमाइलो ...ान्दै नाचेका थिए ।

कोलपाटन आमा समूहको पौराणिक रत्यौली नृत्य पनि निकै रोचक थियो । झलकमान गन्धर्व राष्ट्रिय सारङ्गी संरक्षण पाठशालाले आरबाजो र सारंगीका धुन बजाई दर्शकहरूलाई मोहित पारेका थिए । कार्यक्रममा परम्परागत घ्योङ नृत्य र कुमारी नाच प्रस्तुत गरिएका थिए । कार्यक्रममा विभिन्न पौराणिक, ऐतिहासिक, परम्परागत, लोपोन्मुख नृत्यहरूको प्रस्तुति रहेको थियो ।

डबली आयोजना सहयोगी संस्था हिमाली सांस्कृतिक परिवारका अध्यक्ष




मेनकाजी गुरुङले कार्यक्रम सोचेभन्दा राम्रो भएको बताउनुभयो । कार्यक्रममा प्राज्ञ प्रकाश घिमिरे, वरिष्ठ गायिका बाबा राणा, नृत्यकार बोलमाया गुरुङ, संस्कृतिकर्मी नरबहादुर शेरचन, लोकदोहोरी गायक प्रजापति पराजुली, नृत्य निर्देशक रुद्रबहादुर थापा, प्राज्ञ रमेश श्रेष्ठ, वरिष्ठ कवि तीर्थ श्रेष्ठ आतिथि हुनुहुन्थ्यो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य तथा कार्यक्रमकी संयोजक उन्नती बोहरा 'शिला' ले यस्ता कार्यक्रमले स्थानीय संस्कृतिको जगेर्ना हुने र पर्यटन प्रबर्द्धनमा पनि महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

उहाँले हाम्रा मौलिक गीत सङ्गीत कला संस्कृतिको जगेर्नामा हामी आफैं लाग्नुपर्ने सुझाव दिनुभयो । पोखराका दर्शकले यस्ता पुराना लोपोन्मुख गीत, सङ्गीत र नृत्यहरू एउटै मञ्चमा प्रस्तुति भएको हेर्न पाउँदा खुसी लागेको बताए ।

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सङ्गीत नाटक अकादेमी भारतबीच सहकार्य

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संरक्षक एवं प्रधानमन्त्री केपी शर्मा ओलीले गत ७ फागुनबाट ६ दिनसम्म भारतको राजकीय भ्रमण गर्नुभएको थियो । सो भ्रमणका क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सङ्गीत नाटक अकादेमी भारतका तर्फबाट विविध कार्यक्रम आदान-प्रदानका लागि हस्ताक्षर भएको छ ।

प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको समुपस्थितिमा भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्याय र सङ्गीत नाटक अकादेमी भारतका तर्फबाट प्रतिनिधिले सो सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो ।

सम्झौताअनुसार दुई देशका प्रतिष्ठानबीच आपसी कार्यक्रम आदान-प्रदानमा सहकार्य हुने भएको छ । जसअन्तर्गत नाटक, नृत्य, नाच, लोकसंस्कृतिको अध्ययन अनुसन्धान, सम्बर्द्धन, प्रवर्धन, महोत्सव जस्ता विविध पक्षमा सहकार्य हुने भएको छ ।

जसका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पदाधिकारी र सङ्गीत नाटक अकादेमीका पदाधिकारीबीच विभिन्न कार्यक्रम आदान-प्रदान तथा सहकार्य हुने सम्झौता पत्रमा उल्लेख छ ।

दुई प्रतिष्ठानबीच भएको सम्झौताको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) ले स्वागत गर्नुभएको छ । दुई देशका प्रतिष्ठानबीच विविध कार्यक्रम आदान-प्रदान हुनुले दुवै देशको सङ्गीत नाट्य क्षेत्रको विकासमा मद्दत पुग्ने कुलपति सरुभक्तले बताउनुभयो ।

# सातौं राष्ट्रिय बालनाटक महोत्सव समुद्घाटन




काठमाडौं । नेपाली कला, साहित्य सङ्गीत र नाट्य क्षेत्रमा सक्रिय युवाहरूको समूह शैली थिएटरले सातौं राष्ट्रिय बालनाटक महोत्सव सम्पन्न गरेको छ । महोत्सवको समुद्घाटन नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति सरूभक्तले गर्नुभएको थियो । शैली थिएटरको आयोजनामा फागुन १३ देखि १७ गतेसम्म सातौं राष्ट्रिय बालनाटक मेला सम्पन्न भएको थियो । महोत्सवअन्तर्गत रूसी सास्कृतिक केन्द्रमा हरेक दिन तीनदेखि चारवटा नाटक मञ्चन भए । ६ विधाको पुरस्कारका लागि विभिन्न १२ विद्यालयका नाटक प्रतिस्पर्धामा थिए ।

महोत्सवको पहिलो दिन, प्याराडाइस स्कुलको 'शिशिर वसन्त', सांस्कृतिक संस्थान १९ औं ब्याचको 'साँघुरो दलान' र शैली थिएटरको 'नुनको कथा' मञ्चन भए । दोस्रो दिन ओसिड नेपालको 'कुमारी', सरस्वती स्कुलको 'विदेश मोह', सहारा स्कुलको 'फालिएका हीराहरू', विल्सन एकेडेमीको 'ओइलाएका फूल' मन्चन भए भने तेस्रो दिन विद्या विकास स्कुलको 'अपराजिता', श्री जनविकास स्कुलको 'परिवर्तन आफैंबाट', साउथ वेस्टर्न स्कुलको 'आमाको माया', र कन्स्टलेसन स्कुलको 'गलत बाटो नरोजौं' मञ्चन भए ।

चौथो दिन आइडिएल स्कुलको 'टुटेको सपना', लाँलीगुरास बाटिका स्कुलको 'बाँसाहरू' तथा शैलीको 'नुनको कथा' मञ्चन गरिए । अन्तिम दिन शैलीको नाटक मञ्चन भयो भने सोही दिन महोत्सवमा सहभागी समूहहरूलाई पुरस्कृत गरियो ।

समुद्घाटन मन्तव्य व्यक्त गर्दै कुलपति सरूभक्तले शैली थिएटरको कामप्रति प्रशंसा गर्दै भविष्यमा यस सम्बन्धमा सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सहकार्य गर्न चाहेको धारणा व्यक्त गर्नुभयो । उहाँले प्रज्ञा प्रतिष्ठानले बालबालिकाहरूको व्यक्तित्व विकासका गर्ने अभिप्रायले 'राष्ट्रिय बाल गीत उत्सव' सम्पन्न गरेको जानकारी दिनुभयो ।

## कुलपतिद्वारा
## राष्ट्रिय मुक्तक पुरस्कार २०७२ प्रदान

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले राष्ट्रिय मुक्तक पुरस्कार-२०७२ बाट अग्रज मुक्तककार एवं गीतकार रत्नशमशेर थापालाई सम्मान गर्नुभएको छ । एक कार्यक्रमबीच दोसल्ला, ताम्रपत्रलगायत ११ हजार १ सय ११ रूपैयाँ राशिसहित मुक्तककार थापालाई सम्मान गरिएको थियो । मुक्तककार तथा साहित्यकार विष्णु अल्पविरामद्वारा नेपालमै पहिलोपल्ट स्थापित तथा मुक्तक मञ्च पोखराले हरेक वर्ष प्रदान गर्दै आइरहेको 'राष्ट्रिय मुक्तक पुरस्कार २०७२' यस वर्ष थापालाई प्रदान गरिएको हो ।

कार्यक्रममा कुलपति सरूभक्तले कवि तीर्थ श्रेष्ठको संयोजनमा गठित छनोट समितिले यस वर्ष पुरस्कार दिनै पर्ने व्यक्तित्वलाई चयन गरेकोमा आफू निकै खुसी भएको र पुरस्कारको प्रक्रिया पारदर्शीसमेत भएको बताउनुभयो । उहाँले रत्नशमशेर थापा मुक्तकको इतिहासमा नमेटिने हस्ताक्षर भएको बताउनुभयो । मुक्तक मञ्च पोखराका सल्लाहकार कृष्ण देवकोटाले थापाको जीवनीमाथि प्रकाश पार्नुभएको थियो ।

## कुलपतिद्वारा दीप श्रेष्ठलाई सम्मान

कास्की । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले वरिष्ठ गायक तथा सङ्गीतकार दीप श्रेष्ठलाई 'लालबहादुर-चण्डेश्वरी ढेवाजु संगीत स्मृति पुरस्कार' बाट सम्मानित गर्नुभएको छ । स्व.लालबहादुर-चण्डेश्वरी ढेवाजुको परिवारद्वारा स्थापित तथा सगीत प्रशिक्षण केन्द्र पोखराद्वारा सञ्चालित पुरस्कारद्वारा श्रेष्ठलाई सम्मान गरिएको हो । श्रेष्ठलाई ५१ हजार एक सय एक रूपैयाँ, सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको हो ।

कार्यक्रममा कुलपति सरूभक्तले गायक श्रेष्ठले नेपाली गीत-सङ्गीतलाई विस्तारित गर्ने काम गरेको र नेपाली गीत सङ्गीतको क्षेत्रमा चर्चित गायक मात्र नभई नेपाली सङ्गीतलाई आधुनिक मोडमा ल्याइपुऱ्याउनुमा गायक उहाँको ठूलो योगदान रहेको बताउनुभयो । कार्यक्रममा पुरस्कार चयन समिति संयोजक, साहित्यकार तथा संस्कृतिकर्मी तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तीर्थ श्रेष्ठले सम्मानित व्यक्तित्व दीप श्रेष्ठको व्यक्तित्वमाथि प्रकाश पार्नु भएको थियो । गायक दीप श्रेष्ठले पोखरामा आफू सम्मानित हुन पाएकोमा गौरवान्वित भएको धारणा व्यक्त गर्नुभयो ।

## कन्दरा ब्यान्डको
## पाँचौं एल्बम 'भेंडीगोठैमा' लोकार्पण

पोखरा । पोखराको चर्चित कन्दरा ब्यान्ड 'भेडीगोठैमा' एल्बम लिएर नेपाली सङ्गीत क्षेत्रमा पुनरागमन गरेको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ सरूभक्तले कन्दराको पाँचौं एल्बमको विमोचन गर्नुभएको हो ।

'भेडीगोठैमा' सार्वजनिक गर्दै ब्यान्डले ओजन लाउञ्ज बार एन्ड रेष्टुरेन्टमा विशेष प्रस्तुति पनि राखेको थियो । कार्यक्रममा कुलपति सरूभक्तले नेपाली मौलिक सङ्गीत र पश्चिमेली सङ्गीतको बीचमा रहेर मध्यधारमा गीत गाउँदै आएको कन्दरालाई 'पुनरागमन सफलता' को शुभकामना दिनुभएको थियो । प्रतिष्ठानका पूर्व सदस्यसचिव तीर्थ श्रेष्ठले पोखरालाई झलकमान गन्धर्व, अलि मियाँ, धर्मराज थापाहरूले जस्तै गरी सांगीतिक सहरको रूपमा चिनाउनमा कन्दराले योगदान दिएको बताउनुभयो ।

# कुलपति सरुभक्तलाई पोखरा रत्न सम्मान



कास्की । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) 'पोखरा रत्न सम्मान' द्वारा सम्मानित हुनुभएको छ । पोखरा उपमहानगरपालिकाको २० औं नगरपरिषद्, नीति तथा कार्यक्रम सार्वजनिक कार्यक्रममा उहाँलाई विशिष्ट सम्मान प्रदान गरिएको हो ।

पोखरामा जन्मी पोखरालाई आफ्नो साहित्यको मूल कर्मयोग बनाई देश-विदेश साहित्यको गौरव बढाएको कदरस्वरूप उहाँलाई 'पोखरा रत्न सम्मान' द्वारा सम्मान गरिएको थियो । सम्मान ग्रहण गर्दै कुलपति सरूभक्तले आफू जन्मेको नगरबाट सम्मानित हुन पाउँदा प्रशन्न भएको बताउनुभयो । सम्मानले साहित्य वाङ्मय क्षेत्रमा काम गर्न अरू जिम्मेवारी बढाएको विचार व्यक्त गर्नुभयो । कार्यक्रममा काव्य एवं लोकगायन क्षेत्रमा विशिष्ट योगदान गर्ने प्रतिभाहरु मुकुन्दशरण उपाध्याय र हरिदेवी कोइरालालाई पनि 'पोखरा रत्न सम्मान' प्रदान गरिएको थियो ।



# उपकुलपति शम्भूजीतलाई नारायणगोपाल पुरस्कार

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटा 'स्वरसम्राट स्मृति सम्मान-२०७२' बाट सम्मानित हुनुभएको छ ।

स्वरसम्राट नारायण गोपालको २५ औं स्मृति दिवसको अवसरमा गत १९ मंसिरमा महाराजगञ्ज चक्रपथस्थित स्वरसम्राटकै घरमा नारायणगोपाल सङ्गीत कोषका तर्फबाट उहाँलाई राष्ट्रगानका सर्जक एवं यस प्रतिष्ठानका पूर्वकुलपति अम्बर गुरूङले सम्मान गर्नुभएको हो । नेपाली सङ्गीतमा अतुलनीय योगदान पुऱ्याउनुभएका सङ्गीतकार बासकोटालाई सम्मान गर्न पाउँदा खुसी लागेको पूर्वकुलपति गुरूङले बताउनुभयो । उहाँले स्वरसम्राटसँगका आफ्ना स्मरण सुनाउनुभएको थियो । अग्रज सङ्गीतकार शम्भूजीत बासकोटाले नेपाली सङ्गीत क्षेत्रमा चार दशकभन्दा लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आउनुभएकाले यसपटकको स्वरसम्राट स्मृति सम्मानबाट उहाँलाई सम्मानित गरिएको नारायणगोपाल सङ्गीत कोषकी अध्यक्ष बानिरा गिरीले बताउनुभयो ।

उपकुलपति बासकोटाले स्वरसम्राट स्मृति सम्मानबाट सम्मानित गरिएकोमा खुसी व्यक्त गर्नुभयो । स्वरसम्राटको स्वरमा सङ्गीत गरिसक्नुभएका बासकोटाले स्रष्टा नारायणगोपालसँग आफूले बिताएका दिनहरूको स्मरण गर्नुभएको थियो ।




*नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव एवं बरिष्ठ गायक सङ्गीतकार गणेश रसिक 'इमेज एफएम लाइफ टाइम एचिभमेन्ट अवार्ड' ग्रहण गर्नुहुँदै । उहाँलाई गत १ फागुनमा इमेज च्यानलका तर्फबाट एक लाख रूपैयाँ नगदसहित सो सम्मान प्रदान गरिएको हो ।*

# सम्झनामा सङ्गीतकार रत्नबहादुर

*'एक्लै बस्दा सधैं मलाई सम्झना तिम्रो आइदिन्छ*
*सहन नसकी आँखाबाट आँसु त्यसै झरी दिन्छ...'*

यो चर्चित गीतमा सङ्गीत दिने स्रष्टा रत्नबहादुर खड्गी अब सम्झनामा मात्र हुनुहुन्छ । उहाँ हामीबाट टाढा भइसक्नुभएको छ । उहाँको ६९ वर्षको उमेरमा गत माघ ७ गते बिहीबार बिहान साढे ५ बजे भक्तपुरको क्यान्सर अस्पतालमा निधन भएको हो । सङ्गीतका रत्न भनेर चिनिने उहाँको निधन फोक्सोको क्यान्सरका कारण भएको हो ।

निधनपछि उहाँको पार्थिव शरीरलाई सोही दिन दिउँसो राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा राखिएको थियो । नेपाल सरकारका तर्फबाट संस्कृतिमन्त्री आनन्दप्रसाद पोखरेलले प्रज्ञा प्रतिष्ठान पुगेर उनीप्रति श्रद्धासुमन अर्पण गर्नुभएको थियो । 'आधुनिक नेपाली सङ्गीत क्षेत्रमा आफ्नो फरक उचाइ बनाउनुभएका रत्नबहादुर खड्गी जस्ता स्रष्टाको निधनले नेपाली सङ्गीत क्षेत्रमा क्षति पुगेको छ,' मन्त्री पोखरेलले भन्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटा र सदस्यसचिव गणेश रसिकले पनि सङ्गीतकार खड्गीप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । खड्गीबारे उपकुलपति बासकोटाले भन्नुभयो, 'स्वभावले निकै हक्की, उहाँले नेपाली सङ्गीत क्षेत्रमा निरन्तर योगदान पुऱ्याउनुभयो । अझ गणेश परियारसँग मिलेर उहाँले गणेश-रत्नको नाममा नेपाली सुगम



सङ्गीतमा उल्लेख्य काम गर्नुभएको थियो ।' अग्रजदेखि नयाँ पुस्तासम्मका स्रष्टासँग काम गरिसक्नु भएका रत्नबहादुर पछिल्ला पुस्ताका धेरै गायक गायिकाका गुरुका रूपमा समेत परिचित भएको उपकुलपति बासकोटाले बताउनुभयो ।




सङ्गीतकार खड्गीको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्न अग्रजदेखि नयाँ पुस्तासम्मका गायक, गायिका, सङ्गीतकार, गीतकार, बाद्यबादक तथा सिने कलाकारहरु प्रज्ञा प्रतिष्ठान पुगेका थिए । सोही दिन अपराह्न उनको अन्तिम संस्कार पशुपति आर्यघाटमा गरियो । परिवारमा उहाँकी पत्नी, एक छोरा र दुई छोरी छन् ।

२ फागुन १९९६ सालमा काठमाडौंको बागबजारमा जन्मिनुभएका खड्गीले भजनबाट गायन यात्रा सुरु गर्नुभएको थियो । २०११ सालबाट रेडियो नेपालदेखि गायन यात्रा सुरु गरेका खड्गीले २०३२ सालतिर आफ्नो सङ्गीत र अरूणा लामाको स्वरमा 'एक्लै बस्दा सधैं मलाई सम्झना तिम्रो आइदिन्छ...' बोलको गीत रेकर्ड गराउनुभएको थियो । यो गीत त्यतिबेला निकै चर्चित बनेपछि उहाँ सङ्गीतकारका रूपमा व्यस्त हुनुभएको थियो ।

सङ्गीतकार खड्गीले सङ्गीत दिएका 'मेरा माया छ भने जोडा...', 'कर्मको रेखा नमेट्दो रैछ...', 'खोलाको दुई किनार...' 'सिरानीले बिझायो कि...' जस्ता सयौं गीत चर्चित छन् । उहाँले एक सयभन्दा बढी गीत आफ्नो स्वरमा रेकर्ड गराउनुभएको थियो । एक हजारभन्दा बढी गीतमा सङ्गीत गर्नुभएको उहाँको सङ्गीतमा अरूणा लामा, तारादेवी, बच्चु कैलाश, दिलमाया खाती, फत्तेमान राजभण्डारी, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठदेखि नयाँ पुस्ताका सत्यराज, स्वरूपराज, मिलन अमात्यसम्मले गीत गाइसकेका छन् । त्यसो त उहाँले एक दर्जनभन्दा बढी गीतसमेत लेख्नुभएको थियो ।

बीबीसी रेडियोमा गीत गाउने पहिलो नेपाली स्रष्टा खड्गीको सङ्गीतमा १९ वटा एल्बम बजारमा आइसकेका छन् । पछिल्लो समय आफ्नो लगानीमा विभिन्न कलाकारको स्वरमा 'मेरो यात्रा' गीतिसंग्रह तयार गरेर विमोचन गर्ने तिथि जुराउन नपाउँदै उहाँको निधन भयो । उहाँको सो गीतिसंग्रह केही समयपछि सार्वजनिक गर्ने खड्गी परिवारले बताएको छ । यस्तै, उहाँले एकल सङ्गीत गरेको अरू दुईवटा गीतिसंग्रह पनि सम्बन्धित कलाकारले निकाल्ने तयारी गरेका छन् ।




२०७२/०७३
**प्राज्ञिक संसार** Academia
सङ्गीत-नाट्य बुलेटिन
Music-Drama Bulletin

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np

**प्रधानसम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
सरुभक्त
शम्भूजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नति बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरुङ
माधव प्रधान
रमेशरञ्जन झा